मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

‘स्वास्थ्य क्षेत्रमा जनशक्ति अभाव नभएपनि टिकाउनै चुनौती छ’

समाचार पृष्ठ ५ मा



वर्ष ३ | अंक १७३ | २०८२ साल वैशाख २४ गते बुधबार | Wednesday 07, May 2025 | सूर्योदय: बिहान ५:२२ बजे | सूर्यास्त: साँझ ६:४१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## कुटाकुटपछि एमाले अधिवेसन अनिश्चितकालका लागि स्थगित





**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
नेकपा एमालेको धनुषा जिल्लाको आठौँ अधिवेशनको निर्वाचन प्रक्रिया शुरु हुने बेला प्रतिनिधि र उम्मेदवारीका विषयमा दुई पक्षबीच विवाद र झडप भएपछि अनिश्चिकालका लागि स्थगित भएको छ । सहमति जुट्न नसकेपछि निर्वाचनबाट नेतृत्व छान्ने भन्दै अधिवेशनअन्तर्गत मंगलबार मतदान तालिका रहेकामा धाँधली भएको भन्दै दुई पक्षबीच विवाद बढेर झडपमा परिणत भएपछि मतदान प्रक्रियासँगै अधिवेशन नै स्थगित भएको हो ।

निर्वाचन कमिटीले मंगलबारका लागि अधिवेशन स्थगित भएको जनाएको छ । मंगलबार एमाले धनुषाको ८औँ जिल्ला अधिवेशनस्थलमा दुई पक्षबीच झडप हुँदा केही घाइते भए । झडपमा दुई नेतासहित पाँच जना घाइते भएका हुन् । घाइते हुनेमा सत्यनारायण महासेठ र महेश दासलगायतका छन् । दुवै जनाको टाउको फुटेको छ ।

जिल्ला अधिवेशनक्रममा मंगलबार बिहानैदेखि दुई पक्षबीच विवाद हुँदै आएको थियो ।

निर्वाचन प्रक्रियामा धाँधली गरेको भन्दै सचिव रघुवीर



महासेठ इतर पक्षले धर्नासमेत बसेका थिए । अध्यक्ष पदका उम्मेदवार लक्ष्मीनारायण यादव, केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री उमाशंकर अरगरिया धर्नामा बसेका थिए । धर्नामा गएपछि उनीहरुले निर्वाचन समितिले महासेठको इशारामा मनपरी गर्न खोजेको आरोप लगाए । अगरियाले आफूहरुले निष्पक्षरुपमा निर्वाचन चाहेको र निर्वाचन समितिले धाँधली गरेर निर्वाचनमा महासेठ पक्षधरलाई जबर्जस्त जिताउन खोजेको भन्दै विरोध गरेको बताए ।

अध्यक्ष पदका उम्मेदवार लक्ष्मीनारायण यादवले एमालेको विधानअनुसार पदाधिकारीको उम्मेदवार हुन सदस्य वा भ्रातृ संगठनमा केन्द्रीय सदस्य हुनुपर्ने प्रावधान रहेकामा त्यस्तो हैसियत र योग्यता नभएका उम्मेदवारहरूविरुद्ध उजुरी गरे पनि कारबाही नभएको र अन्तिम नामावलीमा नाम उल्लेख गरेको भन्दै आपत्ति जनाए ।

उनले निर्वाचन कमिटीले पटकपटक अन्तिम नामावली सार्वजनिक गरेको र उम्मेदवारको नाम हेरफेर गरेको, पहिलोपटक नाम नरहेका उम्मेदवारको दोस्रो नामावलीमा नाम रहेकोसमेत आरोप लगाए ।

उनले पार्टीको आन्तरिक चुनाव रहेकाले यसमा निर्वाचन आयोगले स्वच्छ र धाँधलीरहित निर्वाचन गराउनुपर्ने अपेक्षा रहेकामा त्यस्तो नभएको बताए । मुस्लिम तर सदस्य पदका उम्मेदवार रहेका जानी खानले प्रारम्भिक नामावली सार्वजनिक हुँदा आफू निर्विरोध रहेको तर अन्तिम नामावली प्रकाशित हुँदा थप एक उम्मेदवारको नाम थपिएको बताए । यस्तै, पूर्वमन्त्रीसमेत रहेका उमाशंकर अरगरियाले पार्टी पदतिअनुसार चल्ने भएकाले फर्जी हस्ताक्षर गरेर उम्मेदवारी फिर्ता लिने काम भएको आरोप लगाए । उनले पार्टीको आन्तरिक चुनाव रहेकाले निर्वाचनस्थलभित्रै धर्नामा बसेको बताए ।

उनले कसैले चुनाव जिते पार्टीभित्रकैले जित्ने भएकाले निष्पक्षरुपमा चुनाव गराउन निर्वाचन कमिटीसँग माग गरेको छ । पछि दुवै पक्षबीच विवाद बढ्दै जाँदा कुर्सी तोडफोड, मतपत्र च्यातिएको थियो भने वर्तमान जिल्ला अध्यक्ष राजकिशोर यादव लखेटिएका थिए । यादवलाई केही नेताले हातपात गर्न थालेपछि प्रहरीले सुरक्षा दिएर राखेका थिए । दुवै पक्षबीच पार्टीका पोलिटब्युरो सदस्य एवम् मधेश प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठको अग्रसरतामा छलफल भइरहेको अवस्थामा परिसर बाहिर विवाद देखिएपछि स्थिति निकै तनावपूर्ण भएको थियो । वैशाख २० गते पार्टी वरिष्ठ उपाध्यक्ष एवम् पूर्वउपप्रधानमन्त्री ईश्वर पोखरेलले उद्घाटन गरेर शुरु भएको अधिवेशनमा सर्वसम्मतिको प्रयास असफल भएपछि निर्वाचन प्रक्रिया अगाडि बढाइएको हो । तर दुई पक्षबीचको विवादका कारण मतदान रोकिएको छ ।

## भव्यतापूर्वक मनाइयो सीता नवमी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित जानकी मन्दिरमा विभिन्न कार्यक्रम गरी जानकी नवमी मनाइएको छ । मंगलबार मन्दिरको प्रांगणमा विश्व हिन्दू परिषद्को आयोजनामा कन्यापूजन गरिएको थियो । परिषद्का अध्यक्ष सन्तोष साहले पछिल्लो ६ पटक जानकी नवमीका अवसरमा कन्यापूजन गरेको र सातौँ पटक २ सय ५१ कन्याको पूजन गरिएको बताए ।

जनकी नवमीको अवसरमा प्रत्येक वर्ष जानकी मन्दिरले विभिन्न कार्यक्रम गरी मनाउने गर्दछ ।

एक साता अघिदेखि नै मन्दिरमा बधाईगानलगायतका कार्यक्रम हुँदै आएको छ । मंगलबार मन्दिरमा नेपालसहित सीमावर्ती क्षेत्र भारतबाट समेत श्रद्धालुभक्तजन आएर पूजापाठ गरेका छन् । त्रेतायुगमा मिथिलाका राजा जनकले ठूलो यज्ञ गरी विधिपूर्वक खेत जोत्ने क्रममा सीता उत्पत्ति भएको कथा रामायणलगायत वैदिक दर्शनका धर्मग्रन्थ एवम् पुराणमा वर्णन गरिएको छ । भगवान् विष्णुको छैटौँ अवतारका रूपमा अयोध्याका राजा दशरथका पुत्र श्रीरामको जन्म हुने भएपछि लक्ष्मी सीताका रूपमा उत्पत्ति हुनुभएको वर्णन विभिन्न ग्रन्थमा गरिएको छ ।

सीतालाई सत्यवती, पतिव्रता एवम् आदर्श नारीका रूपमा सम्मान गरिन्छ । अयोध्याका राजा दशरथका छोरा राजकुमार रामसँग सीताको विवाह भएको थियो । पितृ आज्ञा पालना गर्न राम वनबास जाँदा सँगै गएकी सीताले रावणबाट हरण हुँदा पनि पतिव्रता धर्म नत्यागेको कथा पुराणमा उल्लेख छ ।

रावणसहित राक्षसमाथि विजयी प्राप्त गरी अयोध्या फर्केपछि राजा रामलाई लोकनिन्दाले काम गर्न असहज नहोस् भनी सीताले महारानीको पद त्याग गरेर गर्भिणी भए पनि वनवास हिँडेकाले आदर्श नारीका रूपमा सम्झना गरिने गरिन्छ ।अयोध्या त्याग गरे पनि मन, वचन र कर्मले पति रामप्रति समर्पित रहेको, लव, कुश दुई छोरालाई वाल्मीकि आश्रममा राखेर शिक्षादीक्षाले निपुण बनाई अयोध्या फर्काएका कारण पनि सीताको भूमिकाले सबै नारीलाई सम्मानित बनाएको छ । अयोध्यामा आएका लव, कुशले रामायणको कथा एवम् सीता निर्दोष भएर पनि वनमा बस्नुपरेको करुण गीत सुनाएपछि प्रजाको मागअनुसार सीतालाई ऋषि वाल्मीकिसहित दरबारमा बोलाइएको थियो ।

दरबार आएकी सीताको धेरै अयोध्याबासीले स्वागत गरे पनि केहीले पवित्रताको विषयमा प्रश्न उठाएपछि सीताले ‘म पवित्र छु भने हे धर्तीमाता मलाई आफ्नो कोखमा लिनुस्’ भनी आह्वान गरी पृथ्वीभित्र लोप हुनुभएको वर्णन वैदिक ग्रन्थमा गरिएको छ । प्रश्न उठाउने प्रजाले सीतासँग माफी मागे पनि उहाँ धर्तीको कोखमा लुप्त हुनुभएको प्रसङ्ग रामायणलगायत धर्म ग्रन्थमा उल्लेख गरिएको छ । यसरी माटोबाट उत्पत्ति हुनुभएकी सीता माटोमै लुप्त हुनुभएको थियो ।

सीता उत्पत्ति हुनुभएको दिनलाई सीता जयन्तीका रूपमा देशभरका रामजानकी मन्दिरमा विशेष पूजा आराधना गरी यो पर्व मनाइन्छ । यसैगरी जनकपुरको रामजानकी मन्दिरमा विशेष पूजासहित मेला लाग्ने गरेको छ । सांस्कृतिक, धार्मिक एवम् प्राचीन ग्रन्थको पात्र सीताको योगदानलाई स्मरण गर्दै सरकारले उनलाई राष्ट्रिय विभूतिका रूपमा सम्मान दिएको छ ।

## सामुहिक कन्या पूजन

सप्तरीको राजविराजमा सामुहिक कन्यापुजन गरेर जानकी नवमी अर्थात सीता जयन्ती मनाइएको छ । भगवती मन्दिर प्रांगणनमा विश्व हिन्दू परिषद् नेपाल सप्तरीले ५१ कुमारी कन्यापुजन गरी जानकी नवमी एवम् सीता जयन्ती मनाएको हो ।

मधेश प्रदेश सरकारले जानकी नवमी मनाउन मंगलबार सार्वजनिक बिदा दिएपछि कार्यक्रममा उत्साहजनक सहभागिता देखिएको थियो । माता सीता प्रकट भएको धार्मिक मान्यताअनुसार उत्सव मनाउन कन्यापूजन गरिएको र कार्यक्रम मधेश प्रदेशका ८ जिल्लासहित ५४ जिल्लामा एकै दिन परिषद्द्वारा आयोजना गरिएको विश्व हिन्दू परिषद् नेपाल मधेश प्रदेशका संगठन मन्त्री जंगबहादुर सिंहले बताए ।

नेपालको राष्ट्रिय विभूती सीताकै स्वरुप दिएर कन्यालाई श्रृंगार गरी गरिएको कन्या पुजनमा सहभागीलाई उपहारस्वरुप चुनरी, मुकुट र शैक्षिक सामग्रीसहित दक्षिणा प्रदान गरिएको थियो । कार्यक्रम संयोजक एवम् परिषदका द्वितीय उपाध्यक्ष दिलीप कुमार दास, प्रथम उपाध्यक्ष राजकुमार गुप्ता, सगरमाथा विभाग प्रमुख रामकिसुन साह, परिषद्का नगरप्रमुख प्रमोद चौधरी, धार्मिक कुञ्ज प्रमुख (सगरमाथा विभाग), सदस्य विष्णु देव चौधरी, देवकृष्ण चौधरी, विजय साहलगायतको उपस्थिति थियो ।

## महोत्तरीमा पनि उत्तिकै उत्साह

त्रेतायुगमा विदेह राज्यमा अनिकाल पर्दा राजाले हलो जोते पानी पर्छ भन्ने विद्वत्सभाको निर्णयानुसार राजा जनकले खेत जोत्दा भूमिबाट सीता प्रकट भएकी विश्वास गरिन्छ । यसै विश्वासमा मिथिलामा यस दिनलाई जानकी नवमी वा जानकी प्रकाट्य दिवसका रुपमा मनाउने गरिएको हो ।

महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रका मठमन्दिरमा वैशाख शुक्लपक्ष शुरु भएसँगै जानकी प्रकट दिवस मनाउन थालिन्छ । यो पर्वमा महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ, लक्ष्मीनारायण मन्दिर, जलेश्वरस्थित रामजानकी ब्रह्मचारी कुटी, बर्दिबासस्थित रामजानकी मन्दिर र कामेश्वरनाथ महादेव मन्दिर परिसरमा सीता जयन्ती नौदिने धार्मिक अनुष्ठा सम्पन्न गरिँदैछ । यहाँका सबैजसो मठमन्दिरमा सीताजीसम्बन्धी कथावाचन, शोभायात्रा गरेर सीता जयन्ती मनाइने परम्परा छ ।

बाल्यावस्थादेखि नै आफ्ना विशिष्ट गुणले आदर्श नारीको पहिचान बनाएकी सीताले विवाहपछि पनि मिथिलाको महिमा बढाएको रामायणसहितका पौराणिक ग्रन्थमा वर्णित छ । जानकी नवमी पर्व हिन्दू परम्परासँग जोडिएको भए पनि सीता विदेह भूमिकी छोरी भएकी हुँदा यहाँका सबै बासिन्दामा यस पर्वको भावनात्मक सम्बन्ध छ ।

## चार पटक शिलान्यासपछि तयार भयो बसपार्क




**मधेशदृष्टि**
**राजविराज ।**
चारपटक त शिलान्यास नै गरिएको राजविराज बसपार्क आठ वर्षपछि बल्ल तयार भएको छ । २०७४ पुस १९ गतेदेखि निर्माण शुरु गरिएको राजविराज–२ स्थित सुविधासम्पन्न बसपार्क निर्माण कार्य सम्पन्न भएपछि मंगलबार सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीले नवनिर्मित बसपार्क राजविराज नगरपालिकालाई हस्तान्तरण गरेको छ । आयोजनाका प्रमुख सुरेन्द्र कुमार साहले बसपार्कको साँचोसहित हस्तान्तरण फारम कार्यबाहक नगरप्रमुख इसरत परबिनलाई बुझाए । आयोजना प्रमुख साहले कहिले कानूनी झन्झट त कहिले कोरोना, निर्माण सामग्री र जनशक्ति अभाव, प्रतिकूल मौसमलगातयका कारण निर्माण कार्य सम्पन्न गर्न ढिलाई भए पनि निर्माण सम्पन्न भइसक्दा यस क्षेत्रका जनतालाई व्यवस्थित यातायात सेवा उपलब्ध गराउन सहज हुने बताए ।

शहरी विकास मन्त्रालयअन्र्तगत शहरी विकास तथा भवन निर्माण विभागको १५ करोड ६० लाख रुपैयाँको लागतमा ८ वर्ष लगाएर तयार पारिएको सुविधासम्पन्न बसपार्क काठमाडौँस्थित सिनर्जी बिल्डरले निर्माण गरेको हो । बसपार्कमा सेड, घण्टाघर, सर्भिस सेन्टर, टर्मिनल भवन, बैंक ब्लक, रेस्टुरेन्ट, डिर्पाटमेन्टल स्टोर, टिकट काउन्टर ब्लक, सोधपुछ कक्षका साथै सुरक्षाका लागि प्रहरी बिट भवनसमेत निर्माण गरिएको छ ।

बसपार्क भवनको साँचो र हस्तान्तरण फारम बुझ्दै कार्यबाहक नगरप्रमुख इसरत परबिनले राजविराजबासीको वर्षौंको सपना साकार भएको बताइन् । उनले निर्माण कार्यमा सहयोग गर्ने सबैप्रति धन्यवाद र आभार व्यक्त गर्दै अब छिट्टै प्रकृया पु¥याएर बसपार्क सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाइन् । प्रमुख जिल्ला अधिकारी भोला दाहालले बहुप्रतिक्षित बसर्पाक निर्माण कार्य सम्पन्न गर्न सहयोग गर्ने सबै बधाईको पात्र रहेको भन्दै बसपार्कको अभावमा पार्किङ समस्या, दुर्घटनाको जोखिम र नगरको सौन्दर्यमा समेत नकारात्मक असर परिरहेको अवस्थाको अब अन्त्य भई व्यवस्थित शहर बनाउन मदत पुग्ने विश्वास व्यक्त गरे । बसपार्क अभावमा राजविराजमा सार्वजनिक सवारी साधन सडकमै पार्किङ हुँदा ट्राफिक झमेला बढ्नुका साथै दुर्घटनाको जोखिम र दिनहुँजसो जामको समस्या उत्पन्न हुने गरेपछि राजविराज–२ राजदेवी मन्दिरनजिकै जग्गा व्यवस्थापन गरी बसपार्क बनाउने योजना अघि बढाइएको थियो ।

जग्गा व्यवस्थापन भइसकेपछि पहिलोपटक २०४४ सालमा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंहले शिलान्यास गरेका थिए । त्यसपछि २०४६ सालमा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओली र २०५२ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले शिलान्याश गरेका थिए । पछिल्लोपटक २०७४ सालमा शहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालीन मेयर शम्भु प्रसाद यादवले संयुक्तरुपमा शिलान्यास गरेका थिए ।

हस्तान्तरण कार्यक्रममा वडाध्यक्ष अरुण यादव, नेपाल प्रेस युनियन सप्तरीका सभापति विनय कुमार लाल कर्णलगायतले बसर्पाक निर्माणले व्यवस्थित शहर बनाउन मदत पुर्‍याउने विश्वास व्यक्त गरे ।

# ऊर्जा क्षेत्रमा लगानी गर्न एनआरएनएलाई ऊर्जामन्त्री खड्काको आग्रह

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ऊर्जा क्षेत्रमा लगानी गर्न गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)लाई आग्रह गरेका छन । मन्त्री खड्काले मंगलवार ऊर्जा मन्त्रालयमा एनआरएनएका नवनिर्वाचित अध्यक्ष महेश श्रेष्ठसहितको टोलीलाई बधाई तथा शुभकामना दिँदै नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आग्रह गरे । श्रेष्ठ वैशाख २० गते काठमाडौँमा भएको एनआरएनए महाधिवेशनबाट सर्वसम्मत अध्यक्षमा निर्वाचित भएका छन ।

ऊर्जामन्त्री खड्काले ऊर्जा क्षेत्रबाट मुलुकको विकास सम्भव भएकाले विश्वभर रहेका एनआरएनएलाई समेटेर नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आग्रह गरे । उनले नवनिर्वाचित अध्यक्ष श्रेष्ठलाई एनआरएनएलाई एकताबद्ध बनाएर अगाडि बढाउन सुझावसमेत दिए ।

एनआरएनएका नवनिर्वाचित अध्यक्ष श्रेष्ठले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न एनआरएनए तयार रहेको र त्यसका लागि आवश्यक सहजीकरण गर्ने विश्वास दिलाए ।सरकारले राम्रो आयोजना दिए आफूहरू लगानी गर्न तयार रहेको उनको भनाइ थियो ।रासस

# आफ्नो भारत भ्रमण उपलब्धिपूर्ण रह्योः मुख्यमन्त्री शाह




**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले मित्रराष्ट्र भारतको आफ्नो भ्रमण उपलब्धिपूर्ण भएको बताएका छन ।

एकसाताको भारत भ्रमण गरेर स्वदेश फर्किएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढीमा मंगलवार आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री शाहले सुदूरपश्चिम प्रदेशको विकासका लागि भारतीय पक्ष सकारात्मक भएको आफूले पाएको बताए ।

भारतको उत्तराखण्ड र उत्तरप्रदेशका मुख्यमन्त्रीसँग शिष्टाचार भेटवार्ताका क्रममा आफूहरू बीच प्रदेशको ऊर्जा, सडक पूर्वाधार, कृषि विकास, तथा लगानी सम्मेलनका बारेमा छलफल भएको बताए ।

उनले भने, ‘सुदूरपश्चिम प्रदेशको सम्भावना र विकासका लागि भारतीय पक्ष सकारात्मक भएको पाएँ ।’

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँगको भेटमा सीमा क्षेत्रमा लागुऔषधलगायतका अपराधिक क्रियाकलाप नियन्त्रण एवं रोकथामबारे कुरा भएको मुख्यमन्त्री शाहले जानकारी दिए ।

‘योगी आदित्यनाथ र आफूबीच केवल विकासका मात्र कुरा भए’, उनले भने, ‘सङ्घीयतालाई बलियो बनाउन र सुदूरपश्चिमको विकास र समृद्धिका बारेमा केन्द्रित रह्यौँ भ्रमणका क्रममा कुनै राजनीति विषयमा कुराकानी भएन ।’

मुख्यमन्त्री शाले भ्रमणका क्रममा पलियाकलाँ–गौरीफन्टा सडक र तिकुनिया–खक्रौला सडक स्तरोन्नति तथा दार्चुला, बैतडी र डडेलधुरास्थित महाकाली नदीमा पुल निर्माण, टनकपुर ब्यारेजको आवगामन सहज बनाउन, र सुक्खा बन्दरगाहलगायतका विषयमा आफूले भारतीय समकक्षीसँग कुरा राख्दा उनिहरू सकारात्मक रहेको आफूले पाएको उनले जानकारी दिए ।

‘नेपालबाट भारत जाने र भारतबाट नेपाल भित्रिने नागरिकको कैलाली र गड्डाचौकी भन्सार चेकप्वाइन्टमा अभिलेख राख्ने विषयमा उहाँहरू सहमत हुनुभयो’, उनले भने । एक प्रश्नको जवाफमा मुख्यमन्त्री शाहले प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच थाइल्याण्डमा भएको भेटघाटपछि प्रधानमन्त्री ओलीको भारत भ्रमण छिट्ट हुन लागेको सङ्केत आफूले पाएको बताए ।

‘भ्रमणको निमन्त्रणाका लागि भारतीय सरकारलाई धन्यवाद दिन चाहन्छु र भ्रमणको लागि मार्गदर्शन गर्नुहुने प्रधानमन्त्री र परराष्ट्रमन्त्रीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।’

यही वैशाख १६ गते भारत भ्रमणमा निस्केको मुख्यमन्त्री शाह नेतृत्वको टोली मंगलवार लखनऊबाट स्थलमार्ग हुँदै धनगढी (कैलाली) आइपुगेको हो ।रासस

# तिलोत्तमा नगरपालिका ‘सहयोगापेक्षी सडकआश्रित मानवमुक्त’ घोषणा

काठमाडौँ ।
मानवसेवा आश्रमको सहकार्यमा तिलोत्तमा नगरपालिका ‘सहयोगापेक्षी सडकआश्रित मानवमुक्त’ घोषणा भएको छ ।

आश्रमको ‘मिसन २०८२’ अभियानअन्तर्गत मंगलवार पहिलो सहयोगापेक्षी सडकआश्रित मानवमुक्त पालिका घोषणा गरिएको हो । यससँगै अब तिलोत्तमामा कोही पनि बेसहारा, बेवारिसे, अशक्त र अनाथ भई बस्नुपर्ने अवस्था अन्त्य भएको आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले बताए । यसअघि नै प्रदेशमा गण्डकी र कर्णाली तथा जिल्लामा मकवानपुर ‘सहयोगापेक्षी सडकआश्रित मानवमुक्त’ घोषणा भएका छन् भने पालिकामा भरतपुर महानगरपालिका, बुटवल उपमहानगरपालिका, गोरखा नगरपालिका र काठमाडौँको बूढानीलकण्ठ नगरपालिका यस्तो घोषणा भइसकेका छन् ।

मंगलवार यहाँ आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशका सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनाले शिक्षाको गुणस्तर वृद्धि गरे मात्र समाज रूपान्तरण गर्न सकिने बताए । तिलोत्तमा नगर प्रमुख रामकृष्ण खाँणले सबैको सहयोगले यो काम सम्भव भएको बताए । आश्रमका अध्यक्ष अधिकारीले २०८२ सालभित्र स्थानीय तह हुँदै सबै प्रदेश र मुलुकलाई नै सहयोगापेक्षी सडकआश्रित मानवमुक्त घोषणा गर्ने तयारी रहेको बताए ।

कार्यक्रममा लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री, तिलोत्तमा उपप्रमुख जागेश्वरदेवी चौधरी, प्रमुख प्रशासकीय अधिकृत नारायण अर्याल, विभिन्न राजनीतिक दलका प्रतिनिधि र सरोकार भएका सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

आश्रमको तिलोत्तमा सेवा केन्द्रले हालसम्म ७१७ को उद्धार, ३७२ जनाको पारिवारिक तथा सामुदायिक पुनस्थापना गराइसकेको छ । तीमध्ये १२८ जनाको निधन भएको आश्रमको तथ्याङ्कमा उल्लेख छ । हाल तिलोत्तमा सेवा केन्द्रमा १३९ जना आश्रित छन् ।

मानवसेवा आश्रमले कोही पनि मानिस बेवारिसे भएर सडकमा जीवन बिताउन नपरोस् भन्ने उद्देश्यले १३ वर्षदेखि सहयोगापेक्षी सडकआश्रित मानवहरूका लागि उपचार र उपचारपछि खाना, नाना, छाना र शिक्षाको व्यवस्थापन गर्दै आएको छ । आश्रमले हालसम्म मुलुकभरबाट ११ हजार ४३६ जनाको उद्धार गरिसकेको छ र तीमध्ये महिला चार हजार ३४८ र पुरुष सात हजार ८५ जना उद्धार भएका जनाएको छ ।

यस्तै, आजसम्म आश्रमले पाँच हजार ५८२ जना आश्रितलाई सुखद पारिवारिक पुनर्मिलन तथा सामुदायिक पुनःस्थापना गरिसकेको छ । यस अवधिमा एक हजार ५१२ जनाको निधन भएको आश्रमका अध्यक्ष अधिकारीले बताए ।

आश्रमले मुलुकलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त नेपाल घोषणा गर्न मिसन–२०८२ अभियान सञ्चालन गरिरहेको छ ।आश्रमले स्थानीय तह, मुलुकका सातवटै प्रदेश हुँदै यही वर्षमा सिङ्गो नेपाललाई ‘सहयोगापेक्षी सडकआश्रित मानवमुक्त’ घोषणा गर्ने योजना रहेको जनाएको छ । घोषणापश्चात्का क्रियाकलाप कार्यान्वयनलाई प्रभावकारी बनाउने सङ्कल्पसहित हाल सात प्रदेशका २० जिल्लामा २६ वटा सेवा केन्द्रमार्फत ७७ वटै जिल्ला र विदेशमा बेलायत, कतार, अष्ट्रेलियामा यस्ता मानवहरूको उद्धार र मानवोचित व्यवस्थापन गर्दै आइरहेको छ ।रासस

# खानेपानी मन्त्रालय र कर्णाली प्रदेश जलस्रोत मन्त्रालयबीच सम्झौता




**काठमाडौँ ।**
नेपाल सरकार, खानेपानी मन्त्रालय र कर्णाली प्रदेश, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयबीच खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाअन्तर्गत लागत सहभागितासम्बन्धी सम्झौता सम्पन्न भएको छ । मंगलवार आयोजित कार्यक्रममा खानेपानी मन्त्रालयका सहसचिव ई रमाकान्त दुवाडी र ऊर्जा विकास मन्त्रालयका तर्फबाट प्रदेश सचिव इन्द्रदेव भट्टले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन ।

कार्यक्रममा खानेपानीमन्त्री प्रदीप यादवले यस सम्झौतामार्फत सङ्घीय र प्रदेश सरकारबीच आपसी समन्वय, पारदर्शिता, उत्तरदायित्व र सेवा प्रवाहमा प्रभावकारिता सुनिश्चित गरिने बताए । उनले कर्णाली प्रदेशभित्र खानेपानी क्षेत्रको सुशासन प्रवद्र्धन तथा पूर्वाधार विकासका लागि लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गर्ने साझा प्रतिबद्धता गरिएको बताए ।

मन्त्री यादवले कर्णाली प्रदेशमा खानेपानीका क्षेत्रमा देखिएका समस्या समाधानका लागि पर्याप्त बजेट विनियोजन गरिने आश्वासन दिए ।

प्रदेशका ऊर्जा विकासमन्त्री विजया बुढाले सम्झौताअनुसार बन्ने आयोजनाले कर्णालीमा खानेपानीको क्षेत्र विकासमा निकै सघाउ पुग्ने विश्वास व्यक्त गरे । खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना सञ्चालन गर्ने सम्बन्धमा अन्तरराष्ट्रिय विकास संस्था (आइडिए) र नेपाल सरकारबीच १३ जुलाई २०२२ मा वित्तीय सम्झौता भएको थियो । यो आयोजनाको अवधि जुलाई १५, २०२८ सम्म रहेको छ ।

आयोजना कार्यान्वयनमा लगानी सहभागिता जनाउन तथा आयोजना कार्यान्वयनको अनुगमन गर्न सङ्घीय सरकारको खानेपानी मन्त्रालय र प्रदेश सरकारको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयबीच ‘सहभागिता सम्झौता’ गरिएको सहसचिव दुवाडीले बताए ।

आयोजनामा रहेका विभिन्न क्षेत्रगत अवयवमध्ये खानेपानी मन्त्रालयले खानेपानी तथा ढल व्यवस्थापन विभागलाई अवयव १ देखि ४ का कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी दिएको छ । अवयव—१ अन्तर्गत खानेपानी तथा सरसफाइ क्षेत्रको संस्थागत सुधार, अवयव—२ मा पालिकास्तरमा रहने आयोजना कार्यान्वयन एकाइमार्फत आयोजनाका गतिविधिहरू कार्यान्वयन गर्न सहभागी पालिकालाई निरीक्षण र कार्यान्वयनमा सहयोग उपलब्ध हुनेछ ।

यस्तै, अवयव ३ अन्तर्गत वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र एकीकृत जलस्रोत व्यवस्थापन र जलाधार व्यवस्थापनका माध्यमबाट खानेपानी र सरसफाइ पूर्वाधारमा जलवायु जोखिम तथा त्यसबाट पर्नसक्ने प्रभावको न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने सम्झौतामा उल्लेख गरिएको छ ।

आयोजना कार्यान्वयनका लागि चाहिने कूल १०० मिलियन अमेरिकी डलर ( १३ अर्ब ३८ करोड ७० लाख रुपैयाँ ) मध्ये आइडिएबाट नेपाल सरकारलाई प्राप्त हुने ऋण ८० मिलियन अमेरिकी डलर र समपूरक कोषको व्यवस्था गर्न आवश्यक पर्ने २० मिलियन अमेरिकी डलरको लागत सहभागितामा नेपाल सरकारका तर्फबाट तीन दशमलव ७०, प्रदेश सरकारहरू (कर्णाली र सुदूरपश्चिम) का तर्फबाट १० दशमलव ५७, र सरोकार भएका विभिन्न छ पालिकाका तर्फबाट पाँच दशमलव ७० मिलियन अमेरिकी डलर तय गरिएको छ ।

कार्यक्रममा वीरेन्द्रनगर नगरपालिका सुर्खेतका प्रमुख मोहनमाया ढकाल (भण्डारी), शारदा नगरपालिका सल्यानका प्रमुख प्रकाश भण्डारी, खानेपानी मन्त्रालयका सचिव ई प्रमिलादेवी शाक्य बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई रामकुमार श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।रासस

# ‘नीति तथा कार्यक्रमले लक्षित वर्गलाई समेट्नुपर्छ’

काठमाडौँ ।
प्रतिनिधिसभाको बैठकमा सांसद उपेन्द्र यादवले नीति तथा कार्यक्रम गरिब, किसान, निम्नवर्गका लागि सहयोग पुग्ने खालको हुनुपर्ने बताएका छन ।

प्रतिनिधिसभाको मंगलवारको बैठकमा सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८२÷०८३ वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा सांसद यादवले देशलाई अगाडि बढाउनका आवश्यकपर्ने नीति तथा कार्यक्रम जरूरी भएको बताए ।

सांसद अब्दुल खानले जनताको चाहाना र आवश्यकताअुनसार नीति तथा कार्यक्रम आउनुपर्ने र एक वर्षमा के के गर्न सकिन्छ भनेर जनतालाई सेवा दिने खालको हुनुपर्ने बताए ।

सांसद मोहनबहादुर बस्नेतले नीति तथा कार्यक्रम धेरै राम्रो आएको भए पनि योजनालाई प्राथमिकीकरण गरेर लैजानुपर्ने सुझाव दिए । उनले बर्सातको समयमा बाढी पहिरोले धेरै धनजनको नोक्सान पार्ने भएकाले सुरूमै त्यसको तयारीमा लाग्नुपर्ने भनाइ राखे ।

सांसद भानुभक्त जोशीले नीति तथा कार्यक्रमले सङ्घ, प्रदेश र स्थानीय तह मिलेर धेरै काम गर्ने भनेर लेखिएको भए पनि धेरै कानुन बनाउन नसक्दा समस्या परेको विषय ध्यान दिन सुझाव दिए ।

सांसद भगवती चौधरीले सामाजिक न्यायसहित नीति तथा कार्यक्रम आएको र योजनाको आवश्यकताको आधारमा प्राथमिकीकरण गरेर ल्याउनुपर्ने बताए ।

सांसद छिरिङ लामु लामा तामाङले सङ्घीयता सुदृढ बनाउने खालको नीति तथा कार्यक्रम बनाउनुपर्ने भए पनि ठोस योजना नआएको र ग्रामीण क्षेत्रका स्वास्थ्य क्षेत्रको स्वास्थ्य संस्था सुधार गर्ने विषयमा स्पष्ट नभएको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

सांसद वीरबहादुर बलायरले ११ लाख मेट्रिक टन रासायनिक मल चाहिनेमा साढे तीन लाख ल्याउने गरेको हुँदा सबै मलको हाहाकार हुने देखिएकाले तीन अर्ब रुपैयाँमा कम्तीमा १० अर्ब रुपैयाँको प्राङ्गारिक मल तयार गर्न सुझाव दिए । उनले प्राङ्गारिक मल बनाउने धेरै तरिका भएको र त्यसले धेरै पैसा बचत तथा उत्पादन राम्रो हुने बताए ।

सांसद राजेन्द्रकुमार राईले पहाडी र हिमाली क्षेत्रमा सन्तुलन कायम गर्नुपर्ने जरूरी भएको र त्यहाँका जनतालाई त्यही ठाउँमा राख्नका लागि शिक्षा, स्वास्थ्य आदिको व्यवस्था गर्न आवश्यक भएको बताए ।उनले धनकुटामा एउटा मेडिकल कलेज जरूरी भएको र त्यहाँ पढ्नेलाई त्यही व्यवस्था गर्नुपर्ने अन्यथा गाउँ रित्तिने जोखिम बढ्नेतर्फ सचेत गराए ।

सांसद डिगबहादुर लिम्बूले नीति तथा कार्यक्रममा युवालाई स्वदेशमै बस्ने वातावरणको निर्माण गर्नुपर्ने र रोजगारीका लागि विदेश जाने वातावरणको सिर्जना गर्न नहुनेमा जोड दिए ।

सांसद तारा लामा तामाङले नीति तथा कार्यक्रम यर्थाथमा आधारित भएर आएको र कति वर्षमा काम गर्न सकिन्छ भनेर तय गरेर राखिएको र अनावश्यक संरचनालाई खारेज गर्ने तयारी राम्रो भएको बताईन ।

सांसद मैना थापाले सङ्क्रमणकालीन न्यायलाई छिटो टुङ्ग्याउनुपर्नेमा जोड दिँदै दुवै आयोगमा निस्पक्ष र विश्सनीय पदाधिकारी नियुक्ति गर्नुपर्ने माग गरे ।

सांसद सीता मिजारले नैतिक, व्यवहारिक, प्राविधिक शिक्षा दिएर युवालाई रोजगार दिनुपर्ने विषयमा ध्यान दिनुपर्ने र रोजगारी दशक घोषणा गरेअनुसार नीति तथा कार्यक्रममा आउनुपर्नेमा जोड दिईन ।

सांसद सूर्यप्रसाद ढकालले नीति तथा कार्यक्रम संविधानको मर्म र भावनाअनुसार आएको र बजेटले चालु खर्च कटौती गरेर पुँजीगत खर्च वृद्धि गर्ने दृष्टिकोणबाट अघि बढेको बताए ।

सांसद प्रतिमा गौतमले विकास आयोजनाका लागि छुट्टै कोषको स्थापना गर्ने भनिएको भए पनि अन्य चालु कोषको अवस्थाबारे सदनलाई जानकारी नभएको बताए ।सबै नेपालीलाई खानेपानीको पहुँच पु¥याउने भन्ने नीति तथा कार्यक्रममा आउने तर धारामा पानी नआउने गरेको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

सांसद ऋषिकेस पोखरेलले विद्यालय शिक्षा बदल्नका लागि एउटै पाठ्यपुस्तक सरकारी तथा नीजि क्षेत्रको विद्यालयमा हुनुपर्ने र स्वास्थ्य क्षेत्रमा भएको विभेद पनि अन्त्य गरी एउटै बनाउनुपर्ने बताए ।

प्रतिनिधिसभाको आजको बैठकमा सरकारले ल्याएको आर्थिक वर्ष २०८२÷०८३ वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा जारी रहेको छ । थप छलफल आगामी बैठकमा हुनेछ । प्रतिनिधिसभाको अर्को बैठक यही वैशाख २४ गते ११ बजे बस्नेछ ।रासस

# उपराष्ट्रपति यादवसँग इजरायलका राजदूत बासको शिष्टाचार भेट



**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि इजरायलका राजदूत श्मुलिक एरी बासले शिष्टाचार भेटवार्ता गरेका छन ।

यहाँस्थित उपराष्ट्रपतिको कार्यालयमा मंगलवार भएको भेटमा दुई मुलुकबीचको द्विपक्षीय सम्बन्ध, कृषि तथा श्रम क्षेत्रमा सहयोगलगायत विभिन्न विषयमा महत्वपूर्ण संवाद भएको उपराष्ट्रपतिको कार्यालयले जनाइएको छ ।

उपराष्ट्रपति यादवले सन् १९६० मा कूटनीतिक सम्बन्ध स्थापना भएयता नेपाल र इजरायलबीच मित्रता, सद्भाव, समझदारी तथा सहयोगपूर्ण सम्बन्ध कायम रहिआएको बताए । उनले दुई मुलुकबीच विभिन्न सम्झौताहरू भएका र केही प्रक्रियामा रहेका जानकारीमा आएको उल्लेख गर्दै त्यसको कार्यान्वयनमा ध्यान दिनुपर्ने बताए । ‘नेपाल र इजरायलबीच आर्थिक, व्यापारिक, पर्यटन तथा लगानीका क्षेत्रमा सहकार्य गर्ने प्रमुख सम्भावना छ’, उपराष्ट्रपति यादवले भने, ‘यी क्षेत्रहरूमा अवसरको खोजी गरी दुवै मुलुकले लाभ लिन सक्छन् ।’

उनले इजरायलमा उल्लेख्य सङ्ख्यामा महिला कामदारसहित चार हजार ५०० नेपाली विभिन्न क्षेत्रमा कार्यरत रहेकाले उनीहरूको तलब, बिमा, बिदालगायत सुविधा सुनिश्चित गराउने सन्दर्भमा इजरायल सरकारको सकारात्मक पहल अपेक्षित रहेको बताए । उपराष्ट्रपति यादवले नेपाल र इजरायलले संयुक्त राष्ट्र सङ्घलगायत अन्तरराष्ट्रिय तथा क्षेत्रीय मञ्चहरूमा आपसी सहयोग र सहकार्य गर्दै आएकामा यसको निरन्तरतामा आफू विश्वस्त रहेको बताए ।

नेपालका लागि इजरायलका राजदूत बासले दुई मुलुकबीच सहयोग र सहकार्य निरन्तर जारी रहने उल्लेख गर्दै इजरायलमा रहेका नेपाली कामदाहरूसँग भएको सम्झौताबमोजिम सुविधा पाए÷नपाएकाबारे विभिन्न सङ्घ÷संस्थाहरूले अनुगमन गर्ने गरेको बताए ।‘दुई मुलुकबीच केही सम्झौताहरू भइसकेका र केही प्रक्रियामा रहेकाले ती सम्झौताले पनि पूर्णतथा पाउने विश्वास गर्दछु’, उनले भने, ‘इजरायलबाट विभिन्न किसिमका प्रशिक्षण लिएर आएकाहरू नेपालमा सफल भइरहेको जानकारी पाउँदा खुसी लागेको छ ।’रासस

# दमका बिरामीलाई सचेतना कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालमा बढदै गएको दमका बिरामीलाई लक्षित गर्दै नेसनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंज पर्साले कार्यक्रम गरेको छ । मानिसमा दमका कारण हुने विभिन्न समस्या र त्यसबाट बाँच्ने उपायबारे जानकारी दिन कार्यक्रम गरिएको अस्पतालका प्रेस सलाहकार आसिक अन्सारीले बताए ।

कार्यक्रममा आस्थामा रोग हुने कारण र त्यसबाट बाँच्ने उपायबारे सान्दर्भिक जनचेतनामूलक विभिन्न पोस्टर ब्यानर प्रदर्शनी गरिएको थियो ।

नेसनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंजका डा. सुधाकर झाद्वारा निःशुल्क आस्थामा रोगका बिरामीलाई चेकजाँच भएको थियो ।

रगत चेकजाँचमा १५ प्रतिशत छुटको व्यवस्था मिलाइएको डा.झाले बताए । कार्यक्रममा सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर ५ देरबनाकी १ सय २ वर्षीय वृद्ध महलुदन खातुनको निःशुल्क चेकजाँच गरीएको थियो ।

त्यस्तै श्वासप्रश्वास प्रक्रिया नाप्न इन्हेलार अर्थात सुँघ्ने औषधी निःशुल्क वितरण गरिएको थियो । त्यस्तै, दमका रोगीका लागि निःशुल्क फलफूल वितरण गरिएको नेसनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंज पर्साका प्रबन्ध निर्देशक शहनाबज अन्सारीले बताए ।

# शौचालय छैन, ऐलानीमा व्यक्तिकै रजाइँ

**मधेशदृष्टि**
**रौतहट ।**
कटहरियामा सार्वजनिक शौचालय व्यवस्थापन नहुँदा सैयौँले सास्ती भोग्नु परेको छ । बजारको दक्षिणतर्फ अव्यवस्थित सार्वजनिक शौचालयबाट बजारका व्यापारी तथा किनमेल गर्न आउने मानिसको जेनतेन काम चले पनि बजारको उतरतर्फ कठिनाई भएको हो ।

बजारको उत्तरतर्फ नेपाल बैंक लिमिटेड, प्रहरी थाना छेउ सुनार चोकमा सार्वजनिक शौचालय नहुँदा स्थानीय ज्यापारीसँगै प्रहरी कार्यालय र बैंकमा आउने सेवाग्राहीलाई ठूलो सास्ती भोग्नु परेको छ । सुनार चोकमा बैंक, प्रहरी थाना, झण्डै एकदर्जन सुनचाँदी पसलसँगै अन्य दुई दर्जन पसल सञ्चालनमा छ । बजार क्षेत्रको अधिकांश पसलमा शौचालय सुविधा छैन ।

हप्ताको दुईपटक आइतबार बुधबार लाग्ने हाटबजारमा प्रहरी, बैंकसँग सम्बन्धित सेवाग्राहीका साथै सैयौँ महिला पुरुष किनमेल गर्न आउने गर्दछन् । यो समयमा दिशापिसाब लागेमा पुरुष सेवाग्राही अथवा पसले झण्डै ७ सय मिटर टाढा शौच गर्न जानुपर्ने बाध्यता रहेको सुनचाँदी व्यवसायी निरज इन्टप्राइजेजका सञ्चालक जयमंगल साहले बताए ।

जारको भीडमा ग्राहककै भरमा पसल छोडेर शौच गर्न जानुपर्दा पसलको सामान हिनामिना हुने जोखिम रहेको व्यापारी साहले गुनासो गरे । त्यसैगरी महिला सेवाग्राही शौच गर्न कसैको पारिवारिक घरमा अथवा बाँसघारी झ्याङमा जानुपर्ने बाध्यता रहेको अर्का व्यापारी राधेश्याम साहले बताए ।

सुनार चोकमै बाटो छेउमा रहेको १० लाख रुपैयाँ भन्दा बढी मूल्याङ्कनको करिब दुईधुर ऐलानी जग्गामा व्यक्तिले धारा (ट्युबेल) जडान गरी लामो



समयदेखि भोगचलन गर्दै आएका छन् ।

तर, कटहरिया नगरपालिकामा मेयर सियाराम कुशवाहाको कार्यकाल पूरा भएको तथा वर्तमान मेयर अजय प्रकाश जैसवालको कार्यकालको तेस्रो वर्ष बितिरहँदा बजारको उत्तरचोकमा सार्वजनिक शौचालय बनाउन ध्यान भएको छैन । त्यसैगरी, कटहरिया–५ का वडा अध्यक्ष सर्फलाल गुप्ताको यो दोस्रो कार्यकाल चलिरहेको छ । नेपाली कांग्रेस क्षेत्र–३ का सभापति समेत रहेका वडा अध्यक्ष गुप्ता वार्षिक वडाको सिलिङसँगै मधेश प्रदेश सरकारबाट करोडौँको योजना ल्याएर बढी नाफा हुने जनसरोकार नभएको स्थानमा काम गर्ने गरेका छन् ।

तर, सैयौँ मानिसको प्रत्यक्ष समस्या रहेको सार्वजनिक शौचालय निर्माण तथा भएको शौचालय व्यवस्थापनतर्फ वडा अध्यक्ष गुप्ताको कहिलै ध्यान नगएको वडाबासीले गुनासो गरे । मेयर अजयप्रकाश जैसवालले यस स्थानमा सार्वजनिक शौचालय निर्माण गर्न योजना स्वीकृत भइसकेको बताउँदै यसै आर्थिक वर्षभित्र निर्माण हुने प्रतिबद्धता जनाए ।

# बिदामा पनि कार्यालय खुल्ने



**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा उपमहानगरले शनिबार बाहेकका सार्वजनिक बिदाका दिन समेत कार्यालय सञ्चालन गर्ने भएको छ । आइतबार बसेको कार्यपालिका बैठकले अत्यावश्यक सेवा प्रवाहका सम्बन्धमा शनिबार बाहेकका सार्वजनिक बिदाका दिन पनि कार्यालय सञ्चालन गर्ने निर्णय गरेको हो ।

उपमहानगरले बुद्ध जयन्ती, गणतन्त्र दिवस, घटस्थापना, उँधौली पर्व, क्रिसमस डे, तमू ल्होसार, पृथ्वी जयन्ती, माघे संक्रान्ति, सोनाम ल्होसार, शहीद दिवस, महाशिवरात्री, ग्याल्पो ल्होसार, राष्ट्रिय प्रजातन्त्र दिवस, अन्तर्राष्ट्रिय महिला दिवस, इद (इद उल फित्र) र बकर इदको दिन सेवा प्रवाह गर्ने जनाएको छ ।

जीतपुर सिमरा उपमहानगरका नगरप्रमुख राजन पौडेलले गृह मन्त्रालयले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक सूचनालाई उपमहानगरले कार्यान्वयन गरेको बताए ।

गृह मन्त्रालयले २०८२ वैशाखदेखि २०८२ चैत मसान्तसम्म संघीय सरकार मातहतका पञ्जीकरण र राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्य नियमित रूपमा सञ्चालन गर्न २०८१ फागुन १५ गते राजपत्रमा सूचना प्रकाशन गरेको थियो ।

सोही सूचनाका आधारमा उपमहानगरले वडा कार्यालयबाट सेवा प्रवाह गर्ने जनाएको छ ।

# प्रभावकारी बन्दै सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम



**सिरहा ।**
लहान नगरपालिकाले तीन वर्षअघिदेखि सञ्चालन गरेको ‘सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम’ प्रभावकारी बन्दै गएको छ । नगरपालिकाका २४ वटै वडाका सुत्केरी तथा गर्भवतीलाई क्रमशः प्रत्येक महिनाको २२ गतेका दिन कार्यक्रमअन्तर्गत पोषण वितरण गरिँदै आइएको हो । वडा नम्बर २२ का ४० जना गर्भवती तथा सात जना सुत्केरी गरी ४७ जनालाई नगरप्रमुख महेशप्रसाद चौधरीले पोषणका सामग्री वितरण गरे ।

स्थानीय तहको निर्वाचनअघि जनतासँग गरिएका प्रतिबद्धताअनुसार आफू नगरप्रमुख पदमा निर्वाचित भएदेखि भविष्यमा जन्मिने बच्चा स्वस्थ होस् भन्ने उद्देश्यले गर्भवती तथा सुत्केरीलाई कार्यक्रममार्फत पोषण वितरण सुरु गरिएको नगरप्रमुख चौधरीले बताए । ‘सुत्केरी अवस्थामा अति विपन्न परिवारका महिलाले पोषिलो खानेकुरा खान नपाउँदा बच्चामा कुपोषण हुने तथा आमाको स्वास्थ्यमा पनि समस्या हुने जोखिम रहन्छ । त्यसलाई रोक्न थोरै भए पनि सहयोग गरौँ भन्ने उद्देश्यले कार्यक्रम शुरु गरका हौँ,’ उनले भने, ‘अहिले यो अत्यन्त प्रभावकारी भइरहेको छ ।’

स्वास्थ्य संस्थामा नियमित जाँच गर्ने सुत्केरी तथा गर्भवतीलाई कार्यक्रममार्फत पोषण सामग्री वितरण गर्ने नीतिका कारण सुविधा पाएसँगै अहिले स्वस्थ्य संस्थामा नियमित जाँच गर्नेको संख्या बढ्दै गएको नगरपालिकाकी सिनियर अनमी रिता यादवले बताइन् ।

उनका अनुसार कार्यक्रममार्फत हालसम्म चार हजारभन्दा बढी सुत्केरी तथा गर्भवतीले सुविधा पाइसकेका छन् । कार्यक्रमअन्तर्गत चामल, दाल, नुन, तेल, चना, सोयाविनलगायत पौष्टिक आहार र खाद्यान्न सामग्री वितरण गर्ने गरिएको उनको भनाइ छ । नगरभित्र विपन्न तथा दलितको जनसंख्या उल्लेख्य भएकाले यहाँका सुत्केरी तथा गर्भवतीको पोषणको अवस्था सुधारका लागि आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने नगरप्रमुख चौधरीले बताए । पोषण सामग्री प्राप्त गरेसँगै गर्भवती तथा सुत्केरीले खुसी भएका उनले जानकारी दिए ।

# विवाहको विषयमा विवादमा हत्या गर्ने पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
विवाहको विषयमा विवाद हुँदा हत्या गरेर फरार भएका व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा पर्साको पोखरिया नगरपालिका–५ घर भएका ३६ वर्षीय सिकेन्द्रप्रसाद चौहान छन् । उनलाई जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले पक्राउ गरेको हो ।

पक्राउ परेका चौहानविरुद्ध कर्तव्य ज्यानको कसुरमा पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ । पोखरिया–६ का ३३ वर्षीय धर्मेन्द्रप्रसाद चौहानको पोखरिया–५ कि निशा कुमारी चौहानसँग २०७६ वैशाख ४ गते विवाह भएको थियो । विवाह सम्पन्न भएपछि बेहुली बिदाइ गर्न नमानेको विषयमा केटा पक्ष र केटी पक्षबीच विवाद भएको थियो ।

यही रिसइबीलाई लिएर वैशाख ९ गते दिउँसो २ बजेतिर पोखरिया–४ उद्यान अंग्रेजी बोर्डिङ स्कुलको प्रांगणमा आपसमा झगडा भएको थियो । झगडाक्रममा बेहुलाका बुवा शंकर प्रसाद महतो चाइको टाउकामा गम्भीर चोट लागेको थियो । उनको उपचारक्रममा असार ११ गते काठमाडौँस्थित शहीद गंगालाल अस्पतालमा मृत्यु भएको थियो । सोही घटनामा उनी पक्राउ परेका हुन् ।

**सिएफसी नेपाल हस्पिटलको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तयारी सम्बन्धि**

**सार्वजनिक सुनुवाई कार्यक्रमको सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०१/२४ गते बुधबार**

मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ८, स्थित सिएफसी नेपाल हस्पिटलद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

प्रस्तावको नाम र ठेगाना : सिएफसी नेपाल हस्पिटल, जनकपुरधाम उप- महानगरपालिका, वडा नं ८, धनुषा

सम्पर्क नं : ९८०२६००८७७, ९८०२२००८७७

प्रस्तावको व्यहोरा : विभिन्न रोगहरु सम्बन्धि बिरामीहरुको स्वास्थ्य उपचारको लागि विशेषज्ञ चिकित्सा सेवा सहित २६ शैया क्षमतामा सिएफसी नेपाल हस्पिटल संचालन गर्ने।

प्रभाव पार्न सक्ने जिल्ला/ नगरपालिका : धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ८

माथि उल्लेखित २६ शैया क्षमतामा अस्पताल संचालन प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यबस्था अनुरुप प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिबेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ८ तथा त्यस क्षेत्रका बिध्यालय, सार्वजनिक स्थल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले तल उल्लेखित मिति, समय र स्थानमा उपस्थित भइ आफ्नो अमुल्य राय, सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौ।

सार्वजनिक सुनुवाई कार्यक्रम विवरण :

**मिति : २०८२ साल बैशाख २८ गते आइतबार**

**स्थान : जनकपुरधाम उप- महानगरपालिका ८, स्थित सिएफसी नेपाल हस्पिटलको प्रांगण**

**समय : बिहान ९ : ०० बजे**

**आशाराम हस्पिटलको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तयारी सम्बन्धि**

**सार्वजनिक सुनुवाई कार्यक्रमको सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०१/२४ गते बुधबार**

मधेश प्रदेश, पर्सा जिल्ला, बीरगंज महानगरपालिका वडा नं ८, स्थित आशाराम हस्पिटलद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

प्रस्तावको नाम र ठेगाना : आशाराम हस्पिटल, बीरगंज महानगरपालिका, वडा नं ८, पर्सा

सम्पर्क नं : ९८४५१९०६६६, ०५१-५३४४०३, ९८६८८१६२१६

प्रस्तावको व्यहोरा : विभिन्न रोगहरु सम्बन्धि बिरामीहरुको स्वास्थ्य उपचारको लागि विशेषज्ञ चिकित्सा सेवा सहित ५० शैया क्षमतामा आशाराम हस्पिटल संचालन गर्ने।

प्रभाव पार्न सक्ने जिल्ला/ नगरपालिका : पर्सा जिल्ला, बीरगंज महानगरपालिका वडा नं ८

माथि उल्लेखित ५० शैया क्षमतामा अस्पताल संचालन प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यबस्था अनुरुप परिमार्जित प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिबेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने पर्सा जिल्ला, बीरगंज महानगरपालिका वडा नं ८ तथा त्यस क्षेत्रका बिध्यालय, सार्वजनिक स्थल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले तल उल्लेखित मिति, समय र स्थानमा उपस्थित भइ आफ्नो अमुल्य राय, सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौ।

सार्वजनिक सुनुवाई कार्यक्रम विवरण :

**मिति : २०८२ साल बैशाख २७ गते शनिबार**

**स्थान : बीरगंज महानगरपालिका ८, स्थित आशाराम हस्पिटलको प्रांगण**

**समय : बिहान ९ : ०० बजे**

## सम्पादकीय

# एमाले अधिवेशनका दृश्यहरु

*यसपटक नेकपा एमाले धनुषाको जिल्ला अधिवेशन नमूना बनेको छ । एमालेको आठौँ जिल्ला अधिवेशनमा कुटाकुटको दृश्यले पार्टीका जिम्मेवार नेताहरुको अधैर्यता प्रदर्शन गरेको छ । जनताको बहुदलीय जनवादको दर्शनबाट चलिरहेको पार्टीमा शक्ति प्रदर्शन हुन थालेको छ । अझ पार्टीका सचिव, पटकपटक मन्त्री, उपप्रधानमन्त्री भएका नेताको गृहजिल्लामा पालिकाबाट छानिएर आएका जिम्मेवार अधिवेशन प्रतिनिधिको शक्ति प्रदर्शनले सर्वसम्मत जिल्ला कमिटी निर्माण त परको विषय अधिवेशन नै स्थगित भएको छ । निर्वाचन प्रक्रियामा भएको कुटपिटले देशभर धनुषा एमालेको सन्देश प्रवाह भएको छ । कुटपिटबाट केही नेता कार्यकर्ता घाइते भएका छन् । प्रतिनिधि र उम्मेदवारीका विषयमा दुई पक्षबीचमा विवाद र झडप भएपछि अनिश्चिकालको लागि अधिवेशन स्थगित भएको छ।*

*मंगलबार एमाले धनुषाको अधिवेशन मंगलमय हुन सकेन । मतदान तालिका रहेकामा धाँधली भएको भन्दै दुई पक्षबीच विवाद भयो । यतिमा रोकिएन, झडप भएपछि मतदान प्रक्रिया स्थगित भयो । निर्वाचन कमिटीले मंगलबार अधिवेशन स्थगित भएको जनायो । झडपमा दुई नेतासहित पाँच जना घाइते भएपछि निर्वाचनको माहौल बनेन । सत्यनारायण महासेठ, महेश दासलगायतको टाउको फुट्ने गरी झडप भएपछि एमालेकै दाजुभाइको रणमैदान बन्यो निर्वाचनस्थल । जिल्ला अधिवेशनक्रममा मंगलबार बिहानैदेखि दुई पक्षबीच विवाद भइरहेको थियो। निर्वाचन प्रक्रियामा धाँधली गरेको भन्दै रघुवीर महासेठ इतर पक्षले धर्ना बसे । अध्यक्ष पदमा उम्मेदवार लक्ष्मीनारायण यादव, केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री उमाशंकर अरगरिया धर्नामा बस्न थाले । एउटै पार्टीमा देखिएको यो जात्रा हाँडिगाउँको जात्रामै रमिते बन्यो। एमाले सिद्धान्त, विधान, संगठन र कार्यकर्ताको पुँजी हो, माउपार्टी हो। तर यतिखेर सिद्धान्त र संगठन भन्दा मुडेबलका भरमा पार्टी कब्जा गर्न खोज्नेहरुको हालिमुहाली हुनु राम्रो होइन । शक्तिका आडमा आफन्तलाई पदका लागि नेताहरुले पनि गति छाडेर लाग्न हुन्न । जे भएको छ, राम्रो सन्देश गएको छैन । संगठित सदस्यहरुबाट छानिएका प्रतिनिधिहरुले नै यसलाई मिलाउनु पर्छ । बदमासी गर्न खोज्ने नेताहरुलाई पाखा लगाउदै पार्टीको गुमेको साख जोगाउनु पर्छ। तब मात्र जनतामा गएको नकारात्मक सन्देश मेटिन सक्छ।*

# राउतको दूरदर्शिता र अनौपचारिक एकताले नै हलचल



**शशीकान्त मण्डल**

वैशाख १७ गते बुधबार संघीय राजधानी काठमाडौँस्थित नेपाल प्रज्ञा प्रतिष्ठा, कमलादीमा आयोजना गरिएको जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको एकीकरण घोषणा कार्यक्रम नागरिक उन्मुक्ति पार्टीका संस्थापक रेशम चौधरीलाई नियोजित एवम् षड्यन्त्रपूर्वक पक्राउले स्थगित भयो । चौधरीको पक्राउ कुनै औपचारिक एवम् कानूनसम्मत पक्राउ थिएन । रेशम चौधरीलाई पक्राउ गर्नुको मुख्य उद्देश्य नै मधेशी र थारुको एकताको बलियो एवम् सशक्त आवाज दबाउन गरिएको योजना हो । शासक वर्गले मधेशी र थारुको एकता बललाई एकत्रित हुन नदिन रेशमलाई पक्राउ गरेका हुन् । किनभने सर्वोच्च अदालतका अधिकृत महिमान सिंह विष्टले डिल्लीबजार कारागारलाई पत्राचार गरेको पत्र नै नक्कली थियो । जुन शासक वर्गको प्रमुख षड्यन्त्र थियो। तर त्यो षड्यन्त्र धेरै बेर टिक्न सकेन र रेशमलाई ससम्मान बेलुका रिहा गरियो।

सर्वोच्च अदालतका अधिकृत कुनै राजनीतिक शक्ति व प्रमुख ओहोदामा बसेका व्यक्तिद्वारा परिचालित भई मोहरास्वरुप कार्य गरेर दुवै पार्टीको एकता हुने स्थलमा अनौपचारिक पोशाक लगाएका प्रहरी पठाइ बिनापक्राउ पुर्जी जारी गरी रेशम चौधरीलाई कार्यक्रमस्थलबाटै अनधिकृत एवम् नियोजित तरिकाले पक्राउ गरियो र डिल्ली बजार कारागार लगियो। यो अप्रिय घटनाबारे सिके राउतलाई थाहा भएपछि उहाँले शासक वर्गको यस कालो कर्तुतको कडारूपले निरन्तर विरोध गर्न थाल्नुभयो। साथै, यसमा आमजनताले पनि शासक वर्गविरुद्ध नाराबाजी गर्न थालेपछि सर्वोच्च अदालतले डिल्ली बजार कारागारलाई पठाइएको पत्र सर्वोच्च अदालतको नरहेको व्यहोरा सूचना साथ खुलायो र रेशम चौधरीलाई ससम्मान तुरुन्तै रिहा गर्न आदेश दिइयो । साथै, सर्वोच्च अदालतका अधिकृत विष्टलाई प्रहरीले छानबिनमा तान्यो । तर अधिकृत यो राजनीतिक प्रपञ्चको मोहरा मात्र हो। रिहा हुनेबित्तिकै त्यही बेलुका रेशम चौधरीले अर्को कार्यक्रम आयोजना गर्नुभयो र पार्टी एकता गर्न आह्वान गर्नुभयो । तर जनमत पार्टीका अध्यक्ष सिके राउतले राजनीतिक परिवेश नियाल्दै एकता प्रक्रिया तत्कालका लागि स्थगित गर्न रेशमलाई अनुरोध गर्नुभयो । किनकी रेशमलाई जनमतसँग एकता नगर्न धम्कीसमेत दिइएको थियो।

रेशमजी जनमतसँग एकता गरे उहाँलाई मुद्दामा फसाई हालत झन् बिगारिदिने भनेर शासक वर्गले धम्कीसमेत दिएको थियो । तैपनि रेशमले धम्कीबाट नडराई एकता गर्न अनुरोध गर्नुभयो । तर सिके राउतले अहिलेको राजनीतिक परिवेश नियाल्दै एकता भन्दा शासक वर्गविरुद्ध राष्ट्रव्यापीरूपमा आन्दोलन आवश्यक भएको निष्कर्षमा पुगे। त्यसैले आन्दोलन आयोजना गर्न पनि पार्टी पंक्तिलाई आदेश दिनुभयो । तर जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको एकता अनौपचारिक रूपले भइसकेको पनि बुझ्न सकिन्छ। औपचारिक एकता केही दिनपछि घोषणा गरिने भनेर बताइएको छ । शासक वर्गलाई राम्रोसँग थाहा छ कि देशमा मधेशी र थारु एक भए एउटा समुदायमा सीमित रहँदैन। यो एकताले देशमा एक सशक्त र बलियो आन्दोलनको रूप लिनेछ । किन थारु समुदाय र मधेशी समुदाय जहिले पनि यो देशमा अधिकार, पहिचान र स्वाभिमानको लडाइँ लड्दै आएको छ। यसर्थ यी दुवै समुदाय आफैँमा एउटा राष्ट्रव्यापी आन्दोलन हो । किनकी देशमा मधेशी र थारुलगायत कैयौँ वर्ग समुदायलाई शासक वर्गले विगतदेखि अधिकार र पहिचानविहीन राखेका छन्।

उनीहरुको अधिकार, पहिचान र स्वाभिमानलाई संवैधानिक तरिकाले पूरा हुन दिएनन् । जुन राजनीतिक राजनीति परिवेश अहिले नेपालमा छ र जतातिर राजनीति मोडिएको छ। त्यस्तो अवस्थामा मधेशी र थारु एक ढिक्का भए तिनीहरु राज्यसत्तासँग आफ्ना अधिकार खोसेर लिन्छन् भन्ने राजनीतिक प्रपञ्च र षड्यन्त्र गरी रेशम चौधरीलाई कार्यक्रमस्थलबाटै नक्कली गिरफ्तारी गरी जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी एकता शासक वर्गद्वारा नै रोकिएको हो। मधेशी र थारुको अधिकार, पहिचान र स्वाभिमान रक्षार्थ लागि यी दुवै दलको एकता एकदमै आवश्यक छ। साथै, राष्ट्रका साशक वर्गका बढ्दो निरंकुशताको कदम रोक्न पनि जनमत र नागरिक उन्मुक्तिको एकता एकदमै महत्त्वपूर्ण छ । यो राष्ट्रले मागेको समयसापेक्ष एकता हो । राष्ट्रको शान्ति, समृद्धि र समग्र विकासका दृष्टिकोणले पनि एक दुईदलीय एकता अति महत्त्वपूर्ण छ । सिके राउत नेतृत्वको जनमत पार्टी र रेशमलाल चौधरीद्वारा स्थापित पार्टी नागरिक उन्मुक्तिबीचको पार्टी एकीकरण एउटा ऐतिहासिक निर्णय हो। जसले नेपाली राजनीतिमा सुनौलो परिवर्तन ल्याउने छ। यो एकीकरणले मधेशलगायत नेपालभर पिछडिएका, उत्पीडनमा परेका, थिचोमिचोमा परेका मधेशी, थारु, दलित, गरिब, असहायलगायतका जनसमुदाय एवम् नेपाली आमजनतामा नयाँ आयाम ल्याउनेछ । सिके राउतको राजनीतिक दूरदर्शीता, रेशमको राजनीतिक अनुभव र रञ्जिताको वैचारिकताले नेपालको इतिहासमा नौलो एवम् ऐतिहासिक परिवर्तन ल्याउनेछ । जुन परिवर्तनले मधेशीलगायत देशभरकै जनसमुदायले आफ्ना अधिकार, स्वाभिमान र पहिचानको सुनिश्चितताको प्रत्याभूति गर्नेछ। यो एकताले दुवै पार्टीलाई नेपालको राजनीतिमा एक शक्तिशाली दलका रूपमा स्थापित गराउनेछ । यो शक्तिशाली एकताले नश्लीय भेदभावलाई जरैदेखि नष्ट पार्नेछ । यो एकताले देशका नेतृत्वकर्ता कहलाउने पुराना एवम् ठूला दलहरूका लागि एक चुनौती स्थापित हुनेछ। यो एकताले सिंगो राष्ट्रमै एक आयामिक परिवर्तन ल्याउनेछ । यो एकता यो देशले मागेको र समय एवम् परिस्थितिले चाहेको शक्तिशाली एकता हो । जसले हरेका आमजनतालाई अधिकारसम्पन्न बनाउनेछ । तसर्थ यो एकतालाई भोलि नै राष्ट्रव्यापीरुपमा महोत्सवका रूपमा मनाऔँ । यो एकता मधेशी, थारु, दलितलगायत देशभर पिछडिएका र थिचोमिचोमा परेका संवैधानिक अधिकार, पहिचान र सम्मान नपाएका ती हरेक आम नागरिकका अधिकार सुनिश्चितताका लागि गरिएको सिके राउतको एक ऐतिहासिक एवम् राजनीतिक दूरदर्शिता हो। जुन राजनीतिक सोच एवम् दूरदर्शिताले नेपालको राजनीतिमा एउटा अध्याय लेख्नेछ। सिके राउतको दूरदर्शितालाई एवम् राजनीतिक सोचलाई हृदयदेखि सलाम छ । साथै, शुभकामना पनि व्यक्त गर्दछौँ । हजुरको राजनीतिक सोच एवम् दूरदर्शिताले आमनागरिकको अधिकार, पहिचान र सम्मानको संवैधानिक सुनिश्चितता होस्। दुई पार्टी एकता भएपछि नागरिक जनमत पार्टी (नाजपा) बन्ने छ। नागरिक जनमत पार्टीको अध्यक्ष पनि जनमत पार्टीका सिके राउत नै रहनु हुनेछ । नागरिक उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठ सहअध्यक्ष बन्नुहुनेछ। संरक्षक रेशम चौधरी नयाँ पार्टीमा पनि संरक्षककै भूमिकामा रहने सहमति भएको छ वरियतामा भने पहिलो स्थान हुनेछ । त्यसपछि सीके र श्रेष्ठ रहने सहमति भएको छ । जनमतसँग ६ जना र नाउपासँग ४ जना प्रतिनिधि सभा सदस्य छन्। एकतापछि यो दल प्रतिनिधि सभाको सिटको आधारमा माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी पार्टी बराबर हुनेछ। मधेशको राजनीतिबाट उदाएका सिके राउत अब राष्ट्रकै शक्तिशाली अध्यक्षका रूपमा प्रस्तुत हुनुहुनेछ। जसको राजनीतिक सारथि रेशमलाल चौधरी र रञ्जिता श्रेष्ठ रहनुहुनेछ । मेचीदेखि महाकालीसम्म जोड्नका निम्ति जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी एकीकरण हुँदैछ । मधेशलगायत समग्र सीमातिन्कृत वर्गको पहिचान, अधिकार र सम्मान दिलाउन यो एकीकरण हुँदैछ।

मधेशी एकताका निम्ति यी दुवै दलको एकीकरण हुँदैछ । जनमत पार्टी र नागरिक उन्मुक्तिबीच पार्टी एकीकरण हुँदै गर्दा मधेशमा हर्षोल्लास छाएको छ। मधेशीको पहिचान, अधिकार, त्याग र बलिदानलाई यो एकताले अझै बढी शक्तिशाली र ऐतिहासिक बनाउनेछ। देश र मधेशकै एउटा ठूलो वैकल्पिक शक्तिका रूपमा यो दुई पार्टी एकताको नागरिक जनमत पार्टी हुनेछ। सिके राउत को राजनीतिक ज्ञान, अनुभव र दूरदर्शिताले मधेशको मुद्दालाई अझ बढी शक्ति र ऊर्जा प्रदान हुनेछ। मधेशका अनेकौँ मुद्दा संवैधानिक व्यवस्थाबाट अझ सशक्त र बलियो रूपले व्यवस्थापन गराउन एकताले प्रमुख भूमिका खेल्नेछ । एकताले सिके राउतलाई देशकै चतुर एवम् दूरदर्शी राजनीतिकर्ताको रूपमा राष्ट्रव्यापीरूपमा स्थापित गराउनेछ । मधेशको राजनीतिमा अहिलेसम्म नभएको यस्तो शक्तिशाली र व्यवस्थित पार्टी एकता एउटा मधेशी दलका नेता भएर गर्न सक्नु भनेकै सिके राउतको सोच, राजनीतिक दृष्टिकोण, शालीन स्वभाव र संघर्षले मात्र सम्भव भएको हो। यो एकताले नेपालको वर्तमान राजनीति नै तरंगित बनाएको छ । अब यो शक्तिले नेपालका सीमान्तकृत वर्ग, आदिवासी, जनजाति, मधेशी, थारु, दलित, मुस्लिमलगायतका निम्नवर्गीय जनसमुदायको अधिकार, पहिचान र स्वाभिमानको सुनिश्चितता गराउनेछ ।

(मण्डल विद्यार्थी जनमत संघका नेता हुन्)

# जैविक विविधता र जलचर संरक्षणमा जलाशय

**रञ्जिता अधिकारी**

दाङको घोराही उपमहानगरपालिका–१ र २ मा पर्ने चेपे जलाशय घोराही–सिमलतारा सडकको छेउमा २०७३ सालसम्म सानो खोल्सो थियो । रामपुरबाट पूर्वतिर जाने साना ट्याक्सी अप्ठ्यारो साँघुरो बाटोका कारण सोही खोलामा खस्दा धेरै मानिस घाइते हुन्थे। झन्डै ७.५ बिघा क्षेत्रफलमा फैलिएको सिमसार क्षेत्र (स्थानीय भाषामा चेपे सोतो) स्थानीय मानिस तथा पशुपक्षीको खानेपानी तथा मौसमी सिँचाइको स्रोत थियो। संरक्षणको अभावले पुरिँदै जाँदा सिमसार क्षेत्रको अस्तित्व नै सङ्कटतिर धकेलिएको थियो। यसले गर्दा स्थानीयलाई खडेरीमा त परै जाओस् बर्खामा समेत आवश्यक पर्ने पानीको अभाव पूर्ति गर्न मुस्किल भएको थियो।

विक्रम संवत् २०७४ को स्थानीय निर्वाचनपछि स्थानीय अगुवा तथा स्थानीय सरकारको पहलमा चेपे ड्याम तथा सडक विस्तार भएको स्थानीय बताउँछन् । घोराही उपमहानगरपालिका र स्थानीय समुदाय यो सिमसार क्षेत्रको संरक्षणमा जुटेपछि अहिले उक्त क्षेत्र ७.५ बिघामा विस्तार भई चेपे तालको नामले परिचित छ। यो ताल अहिले स्थानीय ८०० घरपरिवारको जीविकाको आधार मात्र बनेको छैन, जलचर संरक्षण, पर्यावरण संरक्षण तथा वन्यजन्तुको प्यास मेटाउने र आन्तरिक तथा बाह्य पर्यटकको घुमघामको थलो समेत बनेको छ।

रामपुर गाउँको वरिपरि खोला, नदी र पानीका स्रोत छैनन्। पहिले सिँचाइको समस्याले गर्दा खेती गर्न गाह्रो थियो। अहिले तालले गर्दा वरिपरिका सबै किसानले कृषि उत्पादन तथा आयआर्जन बढाएको स्थानीयको भनाइ छ। स्थानीय ७८ वर्षका भीमबहादुर चौधरी बाल्यकालको गाउँ सम्झँदै भन्नुहुन्छ, 'चेपेखोला खोलाजस्तो थिएन। सानो खोल्सा थियो। फागुनदेखि जेठ असारसम्म पानीको अभाव हुन्थ्यो। खानेपानी हुँदैनथ्यो, खेती गर्ने कुरै भएन।'

उहाँका अनुसार गाउँलेहरु सबै गाग्री बोकेर खोल्साको पानी ल्याउँथे र खान्थे। पानी नहुँदा वर्षाको पानीको अवसर छोपेर धान रोपाइँ गरेको उहाँलाई सम्झना छ। २०७४ सालमा चेपे सोतालाई जलाशय बनाउन संरक्षण गर्ने कुरा उठेपछि आफूले तालसँग सटेको जमिन जलाधार निर्माण गर्न दिएको उहाँले बताउनुभयो। आजभोलि हिउँद्मा समेत तालको पानी प्रयोग गरेर ढुक्कसँग सिँचाइ गर्न सकिएको उहाँ बताउनुहुन्छ । 'तरकारी र अन्न बाली लगाउन वर्षातको पानी कुरिरहनु पर्दैन। गत वर्ष असारसम्मै पानी नपर्दा पनि तालको पानीले सिँचाइ गरी धान रोपेका थियौँ,' उहाँले भन्नुभयो।

घोराही उपमहानगरपालिका–२ सुर्केडाङीका नवयुग टोल विकास संस्थाका अध्यक्ष सोमप्रसाद सुवेदीका अनुसार सानो सोतालाई सबैजना मिलेर ठूलो जलाशय बनाएका हुन्। १५ मिटर गहिरो तालले अहिले ८०० घरधुरीका २०० बिघा जमिनलाई सिँचाइ सुविधा पुगेको छ। जमिनमा सिँचाइको सुविधाले खेतीपातीलाई मात्रै होइन, चराचुरुङ्गी, जीवजन्तु सबैको पानीको समस्या समाधान भएको छ। गाउँका युवा सबै खेतपातीमा लागेका छन्। रोजगारीका लागि विदेश जानेको सङ्ख्या कम छ। 'एकै याममा काउली, बन्दा र गोलभेँडा खेती गरेको सुर्केडाङी गाउँबाट झन्डै दुई करोड रुपैयाँको तरकारी बिक्री भएको छ,' उहाँले भन्नुभयो। वर्षात्का बेला चुरे पहाडदेखि बग्दै आएको पानीलाई तालभित्र पठाउने व्यवस्था गरिएको छ। गाउँमा सिँचाइ गर्नका लागि पानी निकासको बाटो राखिएको छ। चेपे तालमा हिउँदका बेला पानीको कमी भयो भने पम्पसेटको प्रयोग गरेर पानी तान्ने गरिन्छ।

चेपेताल संरक्षण समितिका अध्यक्ष एवं घोराही उपमहानगरपालिका–१ का अध्यक्ष राममणि पाण्डेले भन्नुभयो, 'तालको अस्तित्व नै सङ्कटमा गएको बेला यसको संरक्षणबाट हुने फाइदाका विषयमा स्थानीय समुदायसँग छलफल भयो। शुरुमा यहाँका स्थानीयले सहयोग गर्नुभएन सबैलाई पछि हुने फाइदाको बारेमा जानकारी गरायौँ, स्थानीयले तालको माथिल्लो भागमा बस्ने स्थानीयले बस्ती डुबानमा पर्ने खतरा रहेको भनेर विरोध गरे,' उहाँले भन्नुभयो, 'केही समयको विवादपछि उनीहरु सहमतिमा आए र छेउछाउका जमिन चेपे काललाई दिए। सिमेन्ट, बालुवाबिना प्राकृतिक तरिकाले माटोको आधार बनाई संरचना तयार भएको छ।'

घोराही उपमहानगरपालिका र लुम्बिनी प्रदेश सरकारको सहयोगमा ताल मर्मतसँगै संरक्षण गरिएको हो। अहिले रामपुरवासीहरुले परम्परागत बालीको उत्पादकत्व बढाउनेदेखि नयाँ कृषि उत्पादनसमेत थप्न र तालमा माछापालनसम्मका काम थालेका छन्। तालको विस्तारसँगै भएका परिवर्तनले गर्दा यो ताल पर्यटकीय आकर्षण र चर्चाको विषय बन्न थालेको उहाँको भनाइ छ।

**ताल संरक्षणले कृषि उत्पादनमा वृद्धि**

घोराही उपमहानगरपालिका–१७ कर्जाहीमा पाँच वर्षअघिसम्म कुनै जलाशय नहुँदा सुक्खापन बढेको थियो। गाउँ नजिकैको सामुदायिक वन क्षेत्रमा रहेको सिमसार क्षेत्रको संरक्षणका लागि प्रदेश र स्थानीय सरकारले रु एक करोडको लागत र स्थानीयको पहलमा २०७७ सालमा जलाशय बनेको थियो। झन्डै दुई बिघामा फैलिएको यस जलाशय क्षेत्रको गहिराइ छ मिटर छ। यो जलाशय निर्माण भएपछि ९५ बिघा जमिनमा सिँचाइ सुविधा पुगेको छ।

घोराही उपमहानगरपालिका–१७ कर्जाहीका जीवन चौधरी ५५ वर्ष पुग्नुभयो। उहाँको पेसा खेतीपाती हो। आफ्नो एक बिघा र भाडामा ल्याएको नौ कट्ठा जमिन व्यावसायिक रुपमा तरकारीखेती गर्दै आउनुभएको छ । कक्षा ८ सम्मको अध्ययन गरेका चौधरीले व्यावसायिक तरकारीखेती गर्न थालेको चार वर्ष भयो। पछिल्लो समय बाह्रै महिना तरकारीखेती गरेर ६०–७० हजार रुपैयाँ आम्दानी गर्ने गरेको उहाँले बताउनुभयो । चार वर्ष अघिसम्म गाउँमा व्यावसायिकखेती हुँदैनथ्यो। कर्जाहीको जलाशय विस्तार भएपछि मात्रै पानीको पहुँचसँगै मानिसहरु खेतीपातीमा आकर्षित भएका छन्।

ताल संरक्षणसँगै अप्रत्यक्ष रुपमा वातावरण संरक्षण र प्रत्यक्ष रुपमा जीविकोपार्जनलाई जोड्ने कामले खेतीपातीमा सहजता थपिएको चौधरी बताउनुहुन्छ । स्थानीयलाई माछापालन, प्राकृतिक कृषिसम्बन्धी तालिम, ज्ञान, सीप दिने र बजारसम्म जोड्ने काम अभियान घोराहीले गरेको छ। कर्जाही गाउँबाट दैनिक ५० हजार बराबरको तरकारी बिक्री हुने गरेको छ। कर्जाही ड्याम लिफ्ट सिँचाइ आयोजनाका अध्यक्ष परशु चौधरीका अनुसार गाउँका २५० घरधुरीका ९५ बिघा जमिनमा सिँचाइ सुविधा पुगेको छ। अहिले बाह्रै महिना किसान खेतबारीमा मात्रै भेटिन्छन्।

**महिलाको आम्दानीमा वृद्धि**

ताल संरक्षणसँगै अप्रत्यक्ष रुपमा वातावरण संरक्षण र प्रत्यक्ष रुपमा जीविकोपार्जनलाई जोड्ने कामले खेतीपातीमा सहजता थपिएको किसानहरु बताउँछन् । उनीहरु माछापालन, प्राकृतिक कृषिसम्बन्धी तालिम, ज्ञान, सीप दिने र बजारसम्म जोड्ने काम र अभियानमा जोडिएका छन्। जैविक मल तथा झोल मल बनाउने र प्रयोग गर्ने तरिकाहरु सिकेपछि गाउँमा रासायनिक मल तथा विषादीहरुको प्रयोग घट्दै गएको छ। बीउ छर्नेदेखि गोडमेल गर्ने, बाली भित्र्याउने र उत्पादनलाई बजारसम्म पु¥याउने काममा पालिकाले सहयोग गर्दै आएको छ।

थारू समुदायका महिलाहरुले परापूर्वकालदेखि बुन्दै आएको ढकिया, गुन्द्री, बीणा, पटकी, चटाईं बुनेर व्यावसायिक बनेका छन् । यसले उनीहरुको सीप आयआर्जनको माध्यम बनेको छ। गुन्द्री र पटकी बुन्न प्रयोग हुने गुँद (एक प्रकारको झार) पानी भएको स्थानमा मात्र लगाउने गरिन्छ। हातले बुनेका वस्तु बिक्री गरेर महिलाहरुले आम्दानीको माध्यम बनाएको र यसबाट घरखर्च चलाउन सजिलो भएको स्थानीय रिता थारु बताउनुहुन्छ।

**सिमसार संरक्षणले नयाँ जीवन**

जमिनको सतहलाई आंशिक तथा पूर्ण रुपले पानीले ढाकिएको क्षेत्र सिमसारमा वार्षिक वा केही समयसम्म पानी जम्मा हुनेगर्छ। साबिक जिल्ला भू–संरक्षण कार्यालय हाल भू तथा जलाधार व्यवस्थापन कार्यालय तुलसीपुरका जलाधार निर्देशक शिवराम अधिकारीले सिमसार संरक्षणले सिँचाइ व्यवस्थापन घरायसी प्रयोग, मत्स्य तथा घरेलु जनावर पालनका लागि उपयोगी भएको बताउनुहुन्छ । सिमसार संरक्षण तथा व्यवस्थापन गर्दै आएकाले हिउँद–गर्मी मौसमको समयमा पानी सञ्चय, नवीकरण र उपयोगमा सघाउ पु¥याउने उहाँको भनाइ छ।

जमिनको भित्री भागमा पानी सञ्चितीकरण गरी कल बोरिङ तथा कुवाको खानेपानीको सतहलाई घट्न नदिने काम भएको छ । स्थानीय तथा बसाइँसराइ गर्ने प्रजातिहरुको बासस्थान सुरक्षित गर्न पानीको पूर्ति भएको छ । उहाँले भन्नुभयो, 'जलवायु परिवर्तनका असरहरुसँग अनुकूल तथा न्यूनीकरण गर्न, जैविक विविधता संरक्षण कार्यमा टेवा पु¥याउन सिमसार क्षेत्र संरक्षणले ठूलो योगदान गरेको छ। वातावरणीय सेवा भुक्तानीको अवधारणा विकास गर्न, भूमिगत जलस्रोतको सतह वृद्धि भएको, जमिनमा चिस्यान फैलाई खेतीयोग्य जग्गाको उर्वराशक्ति वृद्धि गरी किसान लाभदायी भएको गाउँको सौन्दर्यकरणमा थप योगदान पुगेको छ।' पहिले हिउँद शुरु भएसँगै गाउँबाट पर रहेका खोला, खोल्सा र नदीमा पु¥याएर गाईवस्तुलाई पानी खुवाउनु पथ्र्यो । अहिले तालमै पानी प्रशस्त हुन थालेपछि गाउँमा सुकेका मुहान समेत रसाउन थालेका छन्। ताल संरक्षणपछि घरको इनारको पानी पहिलेभन्दा माथिको सतहमा आइपुगेको स्थानीय भौना चौधरीको अनुभव छ। ताल संरक्षणपछि गाउँ वरिपरिको जमिनमा प्राकृतिक पुनःभरण भएसँगै जमिन ओसिलो एवम् उर्बर भइरहने र बाली उब्जाउमा वृद्धि भएको उहाँ बताउनुहुन्छ। अहिले पानीमा आश्रित जलचर जीवहरु र जंगली जनावर तथा चराचुरुङ्गीको संख्या समेत बढेको उहाँको भनाइ छ। सुख्खायाममा वन जङ्गलमा डढेलोको जोखिम अत्यधिक हुने गरेको र यसबेला आगलागी नियन्त्रणका लागि तालकै पानी प्रयोग गर्न सकिन्छ।

**चरा आउने क्रम बढ्दो**

सिमसार क्षेत्रको संरक्षणले दाङमा पछिल्ला वर्ष आगन्तुक चराको सङ्ख्या बढेको छ । सिमसार र जलाशयहरु चराहरुका लागि उपयुक्त बासस्थान बन्न पुगेका छन् । कर्जाही गाउँ नजिकैको सामुदायिक वन क्षेत्रमा रहेको सिमसार क्षेत्रको संरक्षणपछि स्वदेशी तथा विदेशी चराको आकर्षणको केन्द्र बनेको स्थानीय बताउँछन्। नदी तलाउमा चिसो छल्न र खानेकुराको खोजीमा हरेक वर्ष हिउँदे आगन्तुक चरा आउँछन्। दाङमा पाइने चरा र आगन्तुक चराका बारेमा अध्ययन गर्दै आएका चिरञ्जीवी खनालले कृत्रिम जलाशय, सीमसारसँगै नदी आसपासमा विदेशी आगन्तुक चराको उपस्थिति लोभ लाग्दो रहेको बताउनुभयो।

उहाँका अनुसार नेपालमा चीन, पूर्वी युरोप, मङ्गोलिया, रुस, साइबेरिया तथा कोरियालगायतका ठाउँबाट चिसो छल्न चरा नेपाल आउने गर्दछन्। कुनै समय सुक्खा ठाउँ अहिले जलमग्न भएका छन्। चरा असोज तथा कात्तिकमा आइपुग्ने र बढीमा छ महिनासम्म बस्ने गर्दछन्। दाङमा २८ प्रजातिका जलपक्षी पाइन्छन् । कृत्रिम जलाशयले गर्दा चराको बासस्थान भएको उहाँको भनाइ छ । कृत्रिम काललाई भविष्यमा अझै प्रवद्र्धन गर्दै जलपक्षीको पनि संरक्षणमा लाग्नुपर्ने उहाँको भनाइ छ । नेपाल पक्षीविद् सङ्घका अनुसार गतवर्ष गरिएको जलपक्षी गणनामा देशभरका १८ प्रमुख सिमसार क्षेत्रअन्तर्गत ८४ साना क्षेत्रमा ७९ प्रजातिका ६३ हजार ९ सय जलपक्षी छन्। ती चराको संरक्षण गरेर बाह्य पर्यटकलाई आकर्षित गर्न सकिने भए पनि नेपालमा जलपक्षीको गणनाबाहेक अरू काम हुन नसकेको विज्ञहरुको भनाइ छ।

**उपमहानगरको सराहनीय प्रयास**

दाङको घोराही उपमहानगरपालिकाले आव २०७५–७६ मा ताल संरक्षण गर्न शुरु गरेको हो । अहिलेसम्म ४३ वटा बनिसकेका छन्। तालबाट वर्षाको पानी जम्मा गरी हिउँदमा खेतीमा सिँचाइ गर्न सजिलो हुनाका साथै स्थानीयको आयआर्जनमा सहयोग पुगेको नगरप्रमुख नरुलाल चौधरी बताउनुहुन्छ । पालिकाले संरक्षण गरेका ताल हेर्न आउने स्थानीय र बाह्य पर्यटक आउने भएकाले त्यस क्षेत्रमा सञ्चालन भएका होटल, पसलहरु राम्रो चलेका छन् । जलाशयमा माछापालन गरेर र मौसमी –बेमौसमी तरकारी बेचेरै पनि स्थानीयले आम्दानी गर्न थालेका छन्। पोखरीमा जम्मा गरिएको पानीले बाह्रै महिना सिँचाइ भएपछि घोराहीभित्रका नागरिकको जीवनस्तर फेरिएको छ।

'हरित क्रान्ति आत्मनिर्भरता, सहभागिता र समता–मानव विकास स्वस्थ र स्वच्छ घोराही उपमहानगरपालिका' भन्ने पालिकाको नारालाई कार्यान्वयनमा ल्याउने क्रममा यहाँका सिमसार र जलाशयको संरक्षणलाई प्रमुख प्राथमिकता दिइएको उहाँ बताउनुहुन्छ। तालबाट जमिनमुनिको पानीको सतह पुनःभरण हुने भएकाले घोराही क्षेत्रका इनार, कुवामा हिँउद वा सुक्खा मौसममा पानीको अभाव नभएको उहाँको भनाइ छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# संविधानको भावनाअनुसार नागरिकको स्वास्थ्यमा समान पहुँच पुऱ्याउनु पर्छ : राष्ट्रपति पौडेल



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको भावनाअनुसार आम नागरिकको स्वास्थ्यमा समान पहुँच पु¥याउन तथा स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्न हाम्रो ध्यान केन्द्रित हुनुपर्ने बताएका छन । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको २३औँ वार्षिकोत्सव समारोहमा राष्ट्रपति पौडेलले संविधानले नेपाली नागरिकलाई स्वास्थ्य, शिक्षाजस्ता आधारभूत आवश्यकताको प्रत्याभूतिको व्यवस्था सुनिश्चित गरेको पक्षलाई मनन गर्न जरुरी रहेको बताए । उनले भने, 'संविधानको भावनाअनुसार आम नागरिकको स्वास्थ्यमा समान पहुँच पु¥याउन र स्वास्थ्य सेवामा गुणस्तर वृद्धि गर्न ध्यान केन्द्रित गर्नुपर्दछ, राष्ट्रले दक्ष र विज्ञ चिकित्सक उत्पादनमा गरेको लगानी संविधानको त्यही भावना र मर्मअनुसार हो ।'राष्ट्रपति पौडेलले संविधानको यो भावना र मर्मलाई आत्मसात् गर्दै चिकित्सकहरूले पेसालाई सेवाभावको दृष्टिकोणले हेर्नुहुने विश्वास व्यक्त गरे । हाल देशको स्वास्थ्य शिक्षामा गुणात्मक सुधारसँगै दक्ष र विज्ञ चिकित्सक नेपालमै उत्पादन हुनु नेपालकै लागि खुसीको विषय भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले भने, 'नेपालमै स्तरीय स्वास्थ्य सेवा तथा उपचार हुन थालेको छ, स्वास्थ्य सेवामा सुधार हुँदाहुँदै पनि सम्पूर्ण जनशक्तिले पर्याप्त अवसर नपाएको भन्ने गुनासो आइरहेको छ । चिकित्सक बिदेसिने क्रम बढ्नु चिन्ताको विषय हो, यसलाई रोक्न सम्बद्ध पक्षले आवश्यक कदम चाल्नुपर्छ ।'प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै विभिन्न वर्ग, तह र भौगोलिक क्षेत्रका आम नागरिकलाई गुणस्तरीय तथा विशेषज्ञ सेवा प्रदान गर्दै आउनु खुसीको विषय भएको उल्लेख गर्दै उनले आगामी दिनमा सेवा क्षेत्रलाई थप व्यापक बनाउन, स्वास्थ्य सेवामा नवप्रवर्तन र अनुसन्धानलाई प्रोत्साहन गर्न निरन्तर सहयोग गर्ने विश्वास व्यक्त गरे । राष्ट्रपति पौडेलले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानअन्तर्गत रही शिक्षण अस्पतालका रुपमा यसले चिकित्सा शिक्षामा महत्वपूर्ण योगदान पु¥याउँदै भविष्यमा नयाँ नयाँ विधामा जनशक्ति उत्पादन गर्नेतर्फ समेत प्रतिष्ठान सफल हुने विश्वास व्यक्त गरे । कार्यक्रममा प्रा डा सुदीपकुमार भट्टचार्यलाई सम्मान गर्नुका साथै विभिन्न विधामा सर्वोत्कृष्ट अङ्क ल्याउने विद्यार्थीलाई नगद पुरस्कार र प्रमाणपत्र वितरण गरेका थिए ।रासस

# सत्यको मार्गदर्शन गराउने ज्ञानलाई आत्मसात् गरौं : उपप्रधानमन्त्री सिंह

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहले समाजलाई सत्यको मार्गदर्शन गराउने ज्ञानलाई आत्मसात् गर्नुपर्ने बताएका छन ।
नागार्जुन नगरपालिकाको रामकोटमा निर्माणाधीन बद्रीनारायण धाममा आयोजित कार्यक्रममा उनले एउटा कानले सुन्ने र अर्को कानले विर्सने प्रवृत्ति बढेको बताए ।
समाजलाई पवित्र बनाउँदै असत्यको बाटोबाट समाजलाई सत्यको बाटोमा लैजान यस्ता धार्मिक कार्यक्रमले सहयोग पुग्ने विश्वास उनले व्यक्त गरे । 'समाजलाई सत्यको बाटोमा लैजान धार्मिक कार्यक्रममा हुने प्रवचनका कुरालाई आत्मसात गरौँ,' उनले भने, 'जसले मेहनत गर्छ । मेहनतको फलको आनन्द प्राप्ति बेग्लै किसिमको हुन्छ ।' समाजलाई सत्य र पवित्रताको बाटोमा अगाडि बढाउन सेवाभावले समर्पित व्यक्तिको समाजले मूल्याङ्कन गर्न सक्नुपर्ने उनले बताए । उनले बद्रीनारायण धामको पूर्वाधार विकासमा सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाए ।
धाम निर्माण समितिका अध्यक्ष दीनबन्धु पोखरेलले धामलाई धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य रहेको जानकारी दिए ।रासस

# 'स्वास्थ्य क्षेत्रमा जनशक्ति अभाव नभएपनि टिकाउनै चुनौती छ'



**काठमाडौ ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले मुलुकमा स्वास्थ्य जनशक्तिको अभाव नरहे पनि टिकाउनै चुनौतीपूर्ण रहेको बताएका छन ।
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)को २३औँ स्थापना दिवसका अवसरमा मंगलवार आयोजित कार्यक्रममा उनले उपत्यकाभित्रका स्वास्थ्य संस्थामा जनशक्ति रहे पनि बाहिर अभाव रहेको बताए ।
मन्त्री पौडेलले भने, 'काठमाडौँ उपत्यकाबाहिर नौवटा दरबन्दी भएको सङ्घीय अस्पतालमा एकजना मेडिकल सुपरिटेन्डेन्ट मात्र कार्यरत हुनुहुन्छ । जनशक्ति उत्पादन गर्ने, स्वदेशमै टिकाउने, दुरदराज खटिने स्थिति बनाउन पर्नेछ, त्यसका लागि कम खर्चिलो, नागरिकलाई आर्थिक दायित्व कम हुने जनशक्ति उत्पादनलाई सहज बनाउन जरुरी छ ।'
उनले स्वास्थ्य क्षेत्रमा जनशक्ति वृद्धि गर्ने देशको आवश्यकता भएकाले राज्यकै लगानीबाट जनशक्ति उत्पादन गरी देशभित्रै टिकाउन प्रोत्साहन र सहुलियत प्रदान आवश्यक रहेको धारणा राखे ।
मुटु, मिर्गौला र क्यान्सरजस्ता रोगका उपचारका लागि सबै प्रदेश अस्पतालमा सेवा विस्तार गरिए पनि लोक सेवाको परीक्षा दिई ती ठाउँमा गएर काम गर्छु भन्ने जनशक्तिको अभाव देखिएकाले न्याम्सले नीतिगत प्रस्टता लिनुपर्नेमा उनले जोड दिए ।
मन्त्री पौडेलले भने 'वीर अस्पतालको जगमा उभिएको प्रतिष्ठानले थुप्रै जनशक्ति उत्पादन र स्वास्थ्य सेवा उपलब्ध गराएको छ । केही वर्षपछि नेपालमा सबैभन्दा बढी स्वास्थ्य क्षेत्रका जनशक्ति उत्पादन गर्ने संस्थाका रुपमा प्रतिष्ठान रहनेछ ।'
राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी विच्छाले सरकारद्वारा प्रस्तुत आगामी नीति र कार्यक्रममा बिमाको पुनःसंरचनादेखि प्रत्येक प्रदेशमा गम्भीर किसिमका रोगको विशिष्ट सेवा प्रदान गर्ने तथा बालबालिका र ज्येष्ठ नागरिकको स्वास्थ्य उपचार सुनिश्चित गर्ने विषय समेटिएको बताए ।
उनले भने, 'जति नीति र कार्यक्रम ल्याएका छौँ, त्यसको कार्यान्वयन गर्ने अग्रणी संस्थाका रुपमा न्याम्स रहेको छ ।
कार्यान्वयन गर्ने हिसाबले यसपटक कार्यक्रम आएको छ । प्रतिष्ठानले १०० भन्दा बढी विधाका कार्यक्रम सञ्चालन गरिरहेको छ, यहाँबाट उत्पादित जनशक्ति देशका कुनाकुनामा छन् ।'
प्रतिष्ठानका उपकुलपति प्राडा भुपेन्द्र बस्नेतले प्रतिष्ठानले चिकित्सा शिक्षाको अनुसन्धान र स्वास्थ्य क्षेत्रको गुणस्तरमा महत्त्वपूर्ण योगदान पु¥याउँदै आएको बताए । उनले भने, 'चिकित्सा शिक्षा आयोगको अनुमतिमा स्नात्तकोतर तहका सिटहरुमा उल्लेखनीय वृद्धि भएको छ, गत वर्षसम्म १२८ जना एमडी, एमएस, विडिएस, एमएस्सीमा सिट बढाएर यो वर्ष २५० पुऱ्याएका छौँ । विश्वका यस क्षेत्रका विशिष्टीकृत संस्थासँग अनुसन्धान र सहकार्य अघि बढाइएको छ ।'
प्रतिष्ठानबाट हालसम्म तीन हजार ६८० चिकित्सकले विशेषज्ञता हासिल गरिसकेका छन् । विसं २०५७ जेठमा गठन भएको कमिटीको प्रतिवेदनका आधारमा विसं २०५९ स्थापना भएको प्रतिष्ठानले चिकित्सा क्षेत्रमा अघि बढ्ने अवसर प्राप्त गरेको छ । १३५ वर्षअघि स्थापना भएको वीर अस्पतालको जगमा प्रतिष्ठान अघि बढिरहेको छ ।
प्रतिष्ठानका शिक्षाध्यक्ष प्राडा लोचन कार्कीले प्रतिष्ठान मातहत २४ वटा अस्पताल आबद्ध रहेको तथा १२ वटामा विभिन्न 'फेलोसिप' सञ्चालन भइरहेको बताए ।
वीर अस्पतालका निर्देशक प्राडा दिलीप शर्माले वीर अस्पतालले विभिन्न आरोह अवरोध पार गर्दै ७२ शय्याको आइसियूसहित ९६६ शय्यामार्फत सेवा प्रदान गरिरहेको जानकारी दिए ।
आधारभूत तथा विशिष्टीकृत सेवा प्रदान गर्दै आएको वीर अस्पतालले गत वर्ष बहिरङ्ग सेवामार्फत ६ लाख ३५ हजार २८६, आकस्मिकतर्फ करिब ३६ हजार १२२ तथा वार्डमा भर्ना भई उपचार गर्नेको सङ्ख्या २० हजारभन्दा बढी रहेको जानकारी उनले दिए ।
राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा चिकित्सा क्षेत्रका विशिष्ट योगदान पु¥याएबापत पुराना विशेषज्ञ चिकित्सक प्राडा सुदीपकुमार भट्टाचार्यलाई सम्मान गरिएको थियो । सो अवसरमा स्नातकोत्तर तहका विषयका विभिन्न विधामा सर्वोच्चतम अङ्क प्राप्त गर्ने मेधावी छात्र डा निशा खनाल, डा मन्देश श्रेष्ठ र डा शिव भण्डारी तथा अनुसन्धान विधामा उत्कृष्टता हासिल गरेका प्राडा रामहरि चापागाई र डा विनिता अधिकारीलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरियो ।रासस

# रास्वपा सांसदद्धारा नीति तथा कार्यक्रमको आलोचना



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेले सरकारको नीति तथा कार्यक्रम कर्मकाण्डमै सीमित रहेको टिप्पणी गरेका छन । प्रतिनिधिसभाको आजको बैठकमा सरकारले गत शुक्रबार ल्याएको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफलका क्रममा दलीय आधारमा उनले आफ्नो धारणा राखेका हुन ।
उनले भने 'यो थाकेको सरकारले जाँगर नचलाइ ल्याएको पूरानै कार्यक्रमको सूची हो, बजेटको सिलसिलेवार मिलेको छैन, पर्यटनलाई भौतिक पूर्वाधारमा लगेर जोडिएको छ, कृषिलाई व्यापारसँग जोडिएको छ, नीति तथा कार्यक्रममा परराष्ट्र र अर्थ मन्त्रालयबीच पनि समन्वय देखिँदैन ।' सरकार गठनको क्रममा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच भएको सहमतिमा भ्रष्टाचार अन्त्य गर्दै सुशासन कायम गर्ने भनिए पनि व्यवहारमा शून्य देखिएको उनको भनाइ छ ।
कांग्रेस र एमालेले संविधान संशोधन गर्ने सहमति गरेपनि सरकार गठन भएको १० महिनासम्म संशोधनको विषय बाहिर ल्याउन नसकेको उनले बताए ।
नेता वाग्लेले नीति तथा कार्यक्रममा समावेश उच्चस्तरीय आर्थिक सुधार सुझाव प्रतिवेदनको व्यावहारिक रूपमा कार्यान्वयन गरेको खण्डमा आफ्नो पार्टीले समर्थन गर्ने प्रतिबद्धता जनाए । आर्थिक तथा व्यावसायिक वातावरण सुधार एवम् लगानी अभिवृद्धि विधेयकमा आफ्नो पार्टीले सरकारलाई सहयोग गरेको प्रसङ्ग उल्लेख गर्दै नीति तथा कार्यक्रममा भौतिक परियोजनाको पुनःप्राथमिकीकरण गर्ने विषय सकारात्मक भएको टिप्पणी गरे ।
त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा सांसद ज्ञानेन्द्र शाहीले संविधानको धारा १७ (क)मा फरक विचार राख्ने व्यक्तिलाई स्वतन्त्रताको हकलाई बेवास्ता गरी सरकारले नीति तथा कार्यक्रम ल्याएको बताए । उनले भने, 'कृषिका क्रान्ति गर्ने भनिएको छ, तर एउटा माछा बेच्न सकिँदैन, देशमै उत्पादन भएको जुम्लाको स्याउ बेच्न सकिएको छैन, कम्तिमा कृषिजन्य पदार्थ बाहिरबाट आयात नगर्ने नीति बनाइयो भने जनता आफैँ उत्पादनमा लाग्छन् ।' रासस

# पदाधिकारी छनोट प्रक्रिया विश्वसनीय बनाउन माग

**काठमाडौँ ।**
मानवअधिकार तथा नागरिक समाजमा आवद्ध सङ्घसंस्थाले सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगमा पदाधिकारी छनोट प्रक्रिया विश्वसनीयता सुनिश्चित गर्न माग गरेका छन् ।
एड्भोकेसी फोरम नेपाल, एम्नेस्टी इन्टरनेशनल नेपाल, जवाफदेहिता निगरानी समितिसहित १० संस्थाले द्वन्द्वपीडित समुदायको गम्भीर सरोकारलाई तत्काल सम्बोधन गर्न पदाधिकारी छनोट प्रक्रियालाई विश्वसनीयता सुनिश्चित गर्न माग गरेका हुन् ।
'अर्थपूर्ण परामर्श, संवाद तथा वार्ताका माध्यमबाट द्वन्द्वपीडित समुदायको गम्भीर खबरदारी, चासो र सरोकारलाई यथोचित रूपमा सम्बोधन गर्न र छनोट प्रक्रियाको विश्वसनीयता सुनिश्चित गर्न आवश्यक छ', संयुक्तरूपमा जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'पीडितसँग परामर्श तथा समितिकै पहलमा अध्यक्ष र सदस्यका थप उपयुक्त उम्मेदवार पहिचान गरेर तिनको नामसमेत समावेश गरी छोटो सूची पुनरवलोकनसहित प्रकाशन गर्नुपर्छ ।'
कम्तीमा पीडित, नागरिक समाज र मिडियाको प्रतिनिधिमूलक उपस्थिति सुनिश्चित गरेर प्रस्तुतीकरणलाई पारदर्शी बनाउने, समय अपुग हुने अवस्था देखिएमा सरकारले ऐनले दिएको अधिकार प्रयोग गरी बाधा अड्काउ फुकाएर समितिको समय थप गर्न विज्ञप्तिमार्फत सरकार समक्ष अपिलसमेत गरिएको छ ।
पदाधिकारी छनोटको विश्वसनीयता र वैधता सुनिश्चित गर्न के–के गरिनुपर्छ भन्ने विषयमा विगतदेखि पीडित समुदाय तथा नागरिक समाजले पटक–पटक औँल्याउँदै आएका र पीडित समुदायसँगको परामर्श छनोट प्रक्रियाको मूल प्रवाहमा ल्याइनुपर्ने तथा दलीय भागबण्डाको आधारमै नाम सिफारिस गर्नेतर्फ अग्रसर हुनुले पीडितले न्याय पाउने काममा ढिलाइ हुने विज्ञप्तिमा उल्लेख छ ।रासस

# कोहलपुर–सुर्खेत प्रसारण लाइन विवाद समाधान गर्न निर्देशन

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले कोहलपुर–सुर्खेत १३२ केभी प्रसारण लाइनअन्तर्गत बाँकेको बानियाभार क्षेत्रमा देखिएको विवाद समाधान गर्न निर्देशन दिएका छन ।
मन्त्री खड्काले मंगलवार आयोजना प्रमुख रविकुमार चौधरीलाई मन्त्रालयमा बोलाएर आयोजना विस्तारका क्रममा उक्त क्षेत्रमा देखिएको समस्या तत्काल समाधान गर्न निर्देशन दिएका हुन । बाँकेको बैजनाथ गाउँपालिका–४ बानियाभार क्षेत्रमा स्थानीयको अवरोधका कारण तीन विद्युत् टावर निर्माण हुन नसकेपछि आयोजना निर्माणका क्रममा भइरहेको ढिलाइका बारेमा मन्त्री खड्काले चासो राखेका हुन ।
'स्थानीयवासीले राखेका मागलाई उचित सम्बोधन गरेर आयोजनालाई तत्काल अगाडि बढाउनूहास', मन्त्री खड्काले भने । उनले आयोजनाभित्र परेका घरलाई उचित क्षतिपूर्ति दिँदा पीडितको पुनर्वासको सुनिश्चितता गर्नसमेत निर्देशन दिए । भेटमा आयोजना प्रमुख चौधरीले स्थानीयवासीको अवरोधका कारण आयोजना अगाडि बढाउन नसकिएको मन्त्रीसमक्ष जानकारी गराए । उक्त क्षेत्रमा तीनवटा विद्युत् टावर बन्न बाँकी रहेको उनको भनाइ थियो । विक्रम संवत् २०७७ भदौमा सम्झौता भई दुई वर्षभित्र प्रसारण लाइनको निर्माण, डिजाइन, परीक्षण, वितरणदेखि प्लान्ट खरिदसम्मका काम गरिसक्नुपर्ने सम्झौता भए पनि स्थानीय अवरोधका कारण उक्त काम ढिलाइ भएको थियो ।रासस

# 'सरकारको नीति तथा कार्यक्रम परम्परागत'

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सचिव तथा प्रतिनिधिसभा सदस्य देवेन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम परम्परागत भएको बताएका छन ।
प्रतिनिधिसभाको मंगलवारको वैठकमा आर्थिक वर्ष २०८२÷८३ को सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा सांसद पौडेलले भने, 'सार्वजनिक नीति प्रवाह, सामाजिक न्याय, हप्तामा २० घण्टा विद्यार्थीलाई काममा लगाउने कुरा, नागरिक एप्स, अनलाइन कर प्रणाली, डिजिटल फाउन्डेसन, साइबर सुरक्षा, डिजिटल नेपाल र बैङ्क प्रणालीजस्ता विषय गत वर्षको नीति तथा कार्यक्रममा समावेश थिए, अहिले त्यसलाई कपी गरेर नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।'
सांसद पौडेलले नीति तथा कार्यक्रमले राष्ट्र निर्माणका निम्ति दृढ सङ्कल्पलाई समेट्नुपर्ने उल्लेख गर्दै देशको समग्र विकासलाई बजेटले समेट्न नसकेको आरोप लगाए । चालु आर्थिक वर्षकै राष्ट्रिय गौरवका आयोजना बजेट अभावका कारण ठेक्कामा समस्या परेको उल्लेख गरे । राजी जमरा सिँचाइ आयोजना, मदन भण्डारी राजमार्ग, खेलमैदान, जलविद्युत् योजना नीति तथा कार्यक्रममा उल्लेख गर्न उनले माग गरे ।
चालु आर्थिक वर्षको १० महिनामा ३१.९ प्रतिशत मात्रै विकास बजेट खर्च भएको सांसद पौडेलको भनाइ थियो । उनले भने, 'सहिदलाई सम्मान गर्ने सवालमा एउटै भाषा प्रयोग गर्नुपर्छ ।'

# किसानले उत्पादन गरेका फापर गाउँपालिकाद्वारा खरिद

**तनहुँ ।**
आँबुखैरेनी गाउँपालिकाले यहाँका नौ जना कृषकद्वारा उत्पादित छ सय ५० किलो फापर हाटबजारमार्फत खरिद गरी बिक्री गर्न थालेको छ । मिलन गुरुङ, सेती गुरुङ, चित्र गुरुङ, फूलमाया गुरुङ, सन्तोष गुरुङ, धनबहादुर गुरुङ, सुखमाया गुरुङ, सन्तोष गुरुङ र प्रकाश गुरुङद्वारा उत्पादित फापर पालिकाले खरिद गरेको हो ।

आँबुखैरेनी–६ प्युघरका सेतीले विगतका वर्षहरूमा प्रतिकिलो ६० रुपैयाँ मा फापर बिक्री हुने गरेको बताउँदै अहिले पालिकाले प्रतिकिलो एक सय ५० रुपैयाँ का दरले खरिद गरेको जानकारी दिए । 'यो वर्ष पालिकाले खरिद गरिदिएपछि विगतको तुलनामा करिब तीन गुणा बढी आम्दानी भएको छ', उनले भने, 'जति उत्पादन हुन्छ गाउँपालिकाले खरिद गरिदिन्छौँ भनेकाले हामीलाई हौसला मिलेको छ ।'

सोही स्थानका मिलनले फापर उत्पादनपश्चात् बिक्रीको समस्या नरहेको सुनाए । 'गाउँपालिकाले खरिद गरिदिने भएपछि यसमा लाग्न थप प्रेरणा प्राप्त भएको छ', उनले भने ।

ग्रामीण क्षेत्रका कृषकको खेतबारीमा उत्पादित रैथाने उपज फापरलाई उपभोक्तासम्म जोड्ने प्रयास गरिएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले बताए । विगतमा यहाँका कृषकले विचौलियामार्फत प्रतिकिलो ६० रुपैयाँ मा फापर बिक्री गर्दै आएकामा पालिकाले हाटबजारमार्फत प्रतिकिलो एक सय ५० रुपैयाँ मा बिक्री गरिरहेको उनले जानकारी दिए ।

उनले भने, 'यसले गर्दा कृषकले विचौलियालाई बिक्री गर्नुपरेको छैन । कृषकले पनि विगतको भन्दा बढी रकम पाउनुभयो ।' केसीले कृषकको बारीबाट हाटबजारसम्म निःशुल्क ढुवानीको व्यवस्था गरिएको बताए ।

आँबुखैरेनी–६ का प्युघर, डिह्रीखेत, घलडाँडा, रतनपुर, हिलेखर्कलगायत क्षेत्रमा फापर उत्पादन हुने गर्दछ । यहाँ वार्षिक करिब पाँच टन फापर उत्पादन हुने कृषि शाखा प्रमुख केसीले जानकारी दिए ।

आगामी वर्षदेखि यसको बजारीकरणलाई थप व्यवस्थित गरिने भन्दै उहाँले भने, 'आगामी वर्ष फपार उत्पादन हुने गाउँमा कुट्ने उपकरण उपलब्ध गराएर फापरको पिठो खरिद गर्ने योजनासहित अघि बढेका छौँ ।' ग्रामीण भेगमा उत्पादित फापर उपभोक्तासम्म लैजाने र कृषकलाई सहज रूपमा बजारीकरणको व्यवस्था गर्ने गाउँपालिकाको लक्ष्य रहेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए ।रासस

# सेयर बजारमा हरियाली कारोबार पनि एक अर्ब बढी

**काठमाडौं ।**
सेयरबजारमा हरियाली छाएको छ ।

जसअनुसार मंगलबार नेप्से सूचक २६११.४३ अंकमा पुगेर बन्द भएको छ ।

नेप्सेमा सामान्य वृद्धि देखिएसँगै करिब एक अर्ब रूपैयाको कारोबारमा पनि बृद्धी भएको छ ।

सोमबार राताम्मे बजारमा ७ अर्ब ३८ करोको सेयर कारोबार हुदाँ मंगलबार भनेर बढेर मंगलबार ८ अर्ब ५६ करोडको कारोबार भएको छ ।

# गाजामा युद्ध सुरु भएदेखि १६ हजारभन्दा बढी बालबालिकाको मृत्युः स्वास्थ्य अधिकारी

**गाजा ।**
सन् २०२३ अक्टोबर ७ मा इजरायली सैन्य आक्रमण सुरु भएदेखि गाजा पट्टीमा १६ हजारभन्दा बढी बालबालिकाको मृत्यु भएको गाजाका स्वास्थ्य अधिकारीहरूले सोमबार बताएका छन् । उनीहरूका अनुसार हरेक ४० मिनेटमा एक बच्चाको मृत्यु भइरहेको छ ।

गाजाका स्वास्थ्य अधिकारीहरूका फिल्ड अस्पतालका निर्देशक मारवान अल–हाम्सले मृतकमा १६ हजार दुई सय ७८ बालबालिका रहेका र तीमध्ये नौ सय आठ शिशु र तीन सय ११ नवजात शिशुहरू जन्म पछि मरेको बताए ।

आवश्यक स्वास्थ्य सेवामा बाधा पु¥याउँदै इजरायलले मार्चको सुरुमा क्रसिङहरू बन्द गरेपछि मानवीय अवस्था निकै बिग्रिएको उनले प्रकाश पारे । यसले हजारौँ बालबालिका र गर्भवतीलाई चिकित्सा सेवाको पहुँचबाट वञ्चित पार्दा सङ्कटलाई अझ बढाएको छ ।

इजरायलले पूर्वाधारलाई लक्षित गरेको र सहयोग अस्वीकार गरेको कारण धेरै बालबालिका स्वच्छ पिउने पानी र उचित पोषणमा सीमित पहुँचका साथ दिनको एउटा मात्र अपूर्ण खानामा बाँचिरहेको उनले बताए ।

उनका अनुसार हजारौँ बालबालिका आधारभूत आवश्यकताबिना विस्थापन केन्द्रमा बसिरहेका छन् भने गर्भवतीहरूले अस्पताल पुग्न महत्त्वपूर्ण चुनौतीको सामना गर्नुपरेको छ ।

हमाससँगको जनवरीको युद्धविराम सम्झौताको पहिलो चरण समाप्त भएपछि इजरायलले मार्च २ मा गाजामा सामान र आपूर्तिको प्रवेश रोकेको थियो । पक्षहरू गतिरोधमा रहेका कारण दोस्रो चरण अझै साकार हुन सकेको छैन ।सिन्हा

# पर्यटकीय गन्तव्य बन्दै 'घटालथान'

**डडेल्धुरा ।**
अमरगढी नगरपालिका–३ डोटी घटालमा रहेको सुदूरपश्चिमको प्रसिद्ध धार्मिक शक्तिपीठ 'घटालथान' पछिल्लो समय आन्तरिक पर्यटकीय गन्तव्य बनिरहेको छ । विगतको तुलनामा पछिल्लो समय यहाँ अवलोकन तथा पूजाआजा गर्नेको सङ्ख्यामा वृद्धि हुँदै गएको हो ।

बूढीघटालका नामले पनि प्रसिद्ध 'घटालथान' पर्यटकीय दृष्टिकोणले पनि सम्भावना बोकेको क्षेत्रका रूपमा परिचित हुँदै गएको छ । यसलाई यहाँको मुख्य धार्मिक शक्तिपीठका रूपमा लिइन्छ । 'घटालथान'को अवलोकन गर्ने पर्यटकको सङ्ख्यामा पछिल्लो समय वृद्धि भएको घटाल क्षेत्र विकास समाजका अध्यक्ष कृष्णराज बोहराले बताए ।



अहिले घटालथानमा सुदूरपश्चिमका विभिन्न जिल्लाका विद्यार्थी अवलोकनका साथै यस क्षेत्रमा वनभोज खान आउने गरेका छन् । विभिन्न जिल्लाका विद्यार्थी तथा बाह्य जिल्लाका र विदेशबाट गरी दैनिक दुई सयको हाराहारीमा 'घटालथान'मा पर्यटकहरू आउने गरेका उनले जानकारी दिए । विशेष गरेर मङ्गलबार र शनिबार घटालथानमा पूजाआजा गर्नेको घुइँचो लाग्ने गरेको उनको भनाइ छ । सदरमुकाम बागबजारबाट पश्चिम–दक्षिणतर्फ पाँच किलोमिटरको दूरीमा घटालथान रहेको छ । जिल्ला सदरमुकामबाट 'घटालथान' पुग्न गाडीबाट १५–२० मिनेट र पैदल एक घण्टा समय लाग्छ । जिल्लाको सदरमुकामबाट यहाँ आउन प्रयोग गरिने मुख्य बाटो बागबजार–आइतबजार–घटाल मन्दिर हो । यस स्थानमा आउन सकिने अन्य वैकल्पिक बाटो चिमिरिकोट–वीरखम्ब–टुँडा–चम्सा ल हो । 'डोटी खोलाको बीचमा घटाल बाबाको मूर्ति अवस्थित रहेसँगै ऐतिहासिक ढुङ्गे नौला र ऐतिहासिक हिङ्लो पिङ पनि रहेकाले घटाल पुग्नेले पिङको आनन्द लिन सक्छन', उनले भने ।

देउताको प्रभाव र शक्तिलाई कसैले चुनौती दिए भने मूल धामीले आफूले बालुवा खानुका साथै अरू धामीलाई पनि बालुवा खुवाएर शक्ति देखाउने गर्छन् । स्थानीयवासीहरू धामीले निहुरिएर मुखभरि बालुवा लिएर खाने गरेको जनविश्वास रहिआएको घटाल क्षेत्र विकास समाजका अध्यक्ष बोहराले बताउनुभयो ।

'धामीहरूले पहिले पहिले ६० घडा बालुवा र ६० घडा पानी खाने गर्थे भन्ने किंवदन्ती रहेको र अहिले पनि धामीले सात–आठ मुठीजति बालुवा र पानी घुटुघुटु खाने गरेको स्थानीय रूपमा प्रचलित छ', उनले भने ।

मुखभरिको बालुवा पानीसँगै घुटुघुटु निल्दा पनि दैवी शक्तिकै कारण कुनै स्वास्थ्य समस्या नदेखिएको धामीहरूले दाबी गर्छन् । आफ्नो मनोकामना पूरा भएकाहरूले यहाँ बोकाको बलि दिन्छन् । किंवदन्तीअनुसार डोट्याली राजा नागी मल्लकी पुत्रविहीन रानीले भारतको गढवालबाट घटाल देउता दाइजोमा ल्याएको तर देउतालाई अहिले मन्दिर रहेको स्थानबाट दरबारसम्म लैजान नसकिएपछि घटालबाबा स्थापना गरिएको जनविश्वास रहेको उनले जानकारी दिए ।

पश्चिमी क्षेत्रमा आस्तिकहरूमाझ घटालबाबाले मनोकामना पूरा गरिदिने जनविश्वास रहेको पाइन्छ । खडेरी परेको वर्ष स्थानीयवासीले 'पानी देऊ' भन्ने नारा लगाउँदै खोलाको पानी लगेर घटालशिलाको प्वालमा पानी हाल्छन् र वर्षाको कामना गर्छन् ।रासस

# इजरायललाई संयमता अपनाउन युरोपेली सङ्घको आह्वान

**ब्रसेल्स ।**
इजरायलले गाजामा योजनाबद्ध सैन्य आक्रमणको घोषणा गरेपछि युरोपेली सङ्घ (इयु) ले गाजामा तत्काल मानवीय सहायता उपलब्ध गराउन आग्रह गर्दै इजरायली अधिकारीहरूलाई अधिकतम संयमता अपनाउन आह्वान गरेको छ । 'युरोपेली सङ्घ गाजामा इजरायली सेनाद्वारा अपरेसनको योजनाबद्ध विस्तारमा चिन्तित छ, जसको परिणामस्वरूप प्यालेस्टिनी जनसङ्ख्याका लागि थप हताहत र पीडा हुनेछ । हामी इजरायललाई अत्यधिक संयम अपनाउन आग्रह गर्दछौँ', युरोपेली आयोगका प्रवक्ता अनौर एल अनौनीले पत्रकार सम्मेलनमा भने । इजरायली सुरक्षा मन्त्रिपरिषद्ले गाजा पट्टीमा आफ्नो सैन्य आक्रमण विस्तार गर्ने योजनालाई आइतबार राति अनुमोदन गरेको छ ।इयुले तत्काल मानवीय पहुँच र सहायताको वितरणका साथै गाजामा बिजुली र आवश्यक सेवाहरूको पुनःस्थापनाका लागि आह्वान गरिरहेको छ ।

# बर्सिम घाँसको बीउबाट दुई लाख आम्दानी

**दाङ ।**
घोराही उपमहानगरपालिका–६ का मिकसर चौधरीले २२ कट्ठा जमिनमा बर्सिम घाँसखेती गरेका छन । उनले दुई वटा दुहुना भैँसी र आठ वटा भेँडा पालेका छन ।

कात्तिकदेखि वैशाखसम्म हरियो घाँस काटेर भैँसी र भेँडालाई खुवाउने र बीउ बिक्री पनि गरिरहेको उनले बताए । गत वर्ष दुई लाख रुपैयाँको घाँसको बीउ बिक्री गरेको चौधरीले जानकारी दिए । यस वर्ष पनि प्रशस्त दाना लागेको भन्दै गत वर्षभन्दा बढी आम्दानी हुने उनले विश्वास व्यक्त गरे ।

'बर्सिम घाँस खेतमा छर्न थालेपछि हिउँदको समयमा घाँस खोज्न जान परेको छैन, समयको बचत भएको छ । हरियो हुँदा घाँस खुवाउन पनि पाइने र त्यसको दानालाई बीउका रूपमा बिक्री हुन्छ', उनले भने । उनका अनुसार दाङका किसानले घाँसको बीउ बिक्री गरेर लाखौँ रुपैयाँ आम्दानी गर्न थालेका छन् ।

घोराही–६ का प्रेम चौधरीले तीन वटा भैँसी, एउटा गाई र छ वटा बाख्रा पालेका छन । उनले भने, '१९ कट्ठा खेतमा बर्सिम घाँस छरेको छु, वस्तुभाउलाई घाँस खुवाउन सहज भएसँगै पशुपालन सजिलो भएको छ । हिउँदमा हरियो घाँस खाएर भैँसीले दूध पनि बढाएका छन् ।'

घरमा बीउ उत्पादन गरेर बर्सेनि घाँसखेती गर्ने गरिरहेको भन्दै प्रेमले घाँसका लागि पशुपालक किसानको घाँसखेतीमा आकर्षण बढेको जानकारी दिए । 'वर्षात्को समयमा लगाएको धान काट्नुभन्दा अगाडि मसुरो छरे जस्तै गरेर यो घाँसको बीउ छर्ने गरिन्छ । घाँस उम्रँदा धान काटिसकेको हुनुपर्छ, कसैले यसलाई खेत जोतेर पनि छर्ने गरेका पनि छन ', उनले भने । गत वर्ष ९० हजार रुपैयाँको घाँसको बिउ बिक्री गरेको जनाउँदै प्रेमले यस वर्ष एक लाख रुपैयाँभन्दा बढीमा बिक्री हुने अनुमान गरेको बताए ।

घोराही–५, ६, ७, ८ र १७ का कृषकले १५ कट्ठादेखि २५ कट्ठासम्ममा घाँसखेती गरेका घाँस बीउ उत्पादक सङ्घले जनाएको छ । अन्य बालीभन्दा धेरै फाइदा हुने भएपछि यसतर्फ किसानको आकर्षण बढेको सङ्घका सचिव विमल अधिकारीले जानकारी दिए ।

घोराही–६ को गुरुवागाउँ, गुरगै, जजरागाउँ, बेरुवागाउँ, बेरगै, फचकपुर र अघरा तथा घोराही–१७ को कर्जाही र गैरागाउँका किसानले विगत १० वर्षदेखि बर्सिम घाँसखेती गरिरहेका उनले जानकारी दिए ।

'यसलाई 'ग्रिनगोल्ड'का नामले पनि चिनिन्छ । यो खेती गर्ने किसानलाई दोहोरोतेहोरो फाइदा हुन्छ । हरियोमा घाँस खुवाउन पाइने, सुकेको डाँठ पनि खुवाउन पाइने र दाना पनि बिक्री गरेर नगद आम्दानी गर्न पाइने भएपछि दाङका सबैजसो पालिकाका किसानले यो घाँसखेती गर्न थालेका छन ', अधिकारीले भने । गत वर्ष घाँसको दाना बिक्री गरेर किसानले दुई लाख ९० हजार रुपैयाँ देखि तीन लाख रुपैयाँ सम्म आम्दानी गरेका छन् । यो घाँस खाएका पशुले दूध उत्पादन बढाउने गरेकाले अत्यन्तै लाभकारी भएको अधिकारीले बताए ।

# क्यालिफोर्नियामा डुङ्गा दुर्घटना हुँदा तीन जनाको मृत्यु, सात बेपत्ता

**लसएन्जलस ।**
क्यालिफोर्नियाको तटमा डुङ्गा दुर्घटना हुँदा तीन जनाको मृत्यु हुनुका साथै सात जना बेपत्ता भएको अधिकारीहरूले सोमबार बताएका छन् ।



अमेरिकी तटरक्षक बललाई सान डिएगोको उत्तरमा डेल मार नजिकै डुङ्गा दुर्घटना भएको सुचना प्राप्त भएको प्रवक्ता हन्टर श्राबेलले बताए । उनले घटनास्थलमा एउटा डुङ्गा र हेलिकप्टर पठाई चार जनालाई उद्धार गरी अस्पताल लगिएको र तीन जना मृत फेला परेको जानकारी दिए ।

दुर्घटनामा परी बाँचेकाहरुसँगको लिएको अन्तर्वार्तालाई उद्धृत गर्दै डुङ्गामा दुई बालबालिकासहित अन्य नौ जना व्यक्ति रहेको श्राबेलले बताए ।

'पङ्गा–शैली' जहाज कहाँबाट आएको थियो वा यो कहाँ जाँदै थियो भन्ने तत्काल जानकारी नभएको बताइएको छ । यद्यपि, केही व्यक्ति भारतीय राष्ट्रियताका हुन सक्ने आशङ्का रहेको प्रवक्ताले बताए ।

पङ्गाहरू उच्च धनुष भएका स्किफहरू हुन् जुन सामान्यतया माछा मार्नका लागि प्रयोग गरिन्छ, तर मेक्सिकोबाट संयुक्त राज्य अमेरिकामा समुद्री सीमा पार गरेर आउने मानिसहरूले पनि प्रयोग गरेका छन् ।खोज र उद्धार कार्यमा एक निश्चित विमान परिचालन गरी अनुसन्धान भइरहेको जनाइएको छ ।एएफपी

# ट्रम्पलाई अमेरिकामा १२ हजार शरणार्थी स्वीकार गर्न न्यायाधीशको आदेश

**वासिङ्टन ।**
सोमबार एक न्यायाधीशले राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनलाई संयुक्त राज्य अमेरिकामा लगभग १२ हजार शरणार्थीलाई प्रवेश गराउन आदेश दिएका छन् । यो अमेरिकाको आप्रवासन नीतिलाई पुनः आकार दिने सरकारको प्रयासमा एउटा धक्का हो ।

यो आदेशले अपिल अदालतको फैसलाले लगाएको सीमाहरू स्पष्ट पारेको छ । उक्त फैसलाले ट्रम्प प्रशासनलाई शरणार्थी प्रवेश प्रणाली निलम्बन गर्न अनुमति दिएको थियो तर यसले संयुक्त राज्य अमेरिकाको यात्रा योजनाका साथ पहिले नै शरणार्थीको दर्जा प्राप्त गरेका मानिसहरूलाई स्वीकार गर्नुपर्ने बताएका छन ।

ट्रम्प प्रशासनले गत हप्ताको सुनुवाइमा जनवरीमा प्रणाली रोक्ने कार्यकारी आदेशको दुई हप्ताभित्र यात्रा गर्न तालिका बनाइएका एक सय ६० जना शरणार्थीलाई मात्र प्रवेश गराउनुपर्ने तर्क गरेको थियो ।

तर अमेरिकी जिल्ला न्यायाधीश जमाल ह्वाइटहेडले सोमबार उक्त दावीलाई खारेज गर्दै भने, 'सरकारको व्याख्या, यसलाई नम्रतापूर्वक भन्नुपर्दा, उच्च स्तरको 'व्याख्यात्मक जिगरपोकरी (बेइमान व्यवहार)' हो ।'

'यसले केवल अपील निर्णयको रेखाहरू बीच पढ्नुपर्ने आवश्यकता मात्र होइन, तर साँच्चै त्यहाँ नभएको नयाँ पाठ देख्नुपर्ने आवश्यकता छ', ह्वाइटहेडले आफ्नो आदेशमा लेख्नुभएको छ ।

ह्वाइटहेडले सुरुमा शरणार्थी प्रवेश रोक्ने ट्रम्पको कार्यकारी आदेशलाई अवरुद्ध गर्नुभएको थियो । फेब्रुअरीमा उहाँले सम्भवतः १९८० को शरणार्थी ऐन उल्लङ्घन गरेको फैसला गर्नुभएको थियो थियो । तर उहाँको निर्णय एक महिनापछि नवौँ सर्किट कोर्ट अफ अपील्सद्वारा खारेज गरिएको थियो ।

'यदि नवौँ सर्किटले दुई हप्ताको सीमा लगाउने उद्देश्य राखेको भए–जसले संरक्षित जनसङ्ख्यालाई लगभग १२ हजारबाट एक सय ६० व्यक्तिमा घटाउने थियो–यसले स्पष्ट रूपमा त्यसो गर्ने थियो', ह्वाइटहेडले खेलेका छन, 'यो अदालतले के भन्छ भनेर स्पष्ट रूपमा बताउने न्यायिक आदेशको सरकारको परिणाम उन्मुख पुनर्लेखनलाई मनोरञ्जन गर्दैन ।'

यो मुद्दा यहुदी शरणार्थी गैर–लाभकारी एचआइएएस, क्रिश्चियन समूह चर्च वल्र्ड सर्भिस, लुथरन कम्युनिटी सर्भिसेस नर्थवेस्ट र धेरै व्यक्तिद्वारा दायर गरिएको थियो ।

ती गैरनाफामूलक संस्थाहरूले फेब्रुअरीमा दायर गरेको मुद्दामा आफ्नै देशमा आफ्ना सबै सामानहरू बेचेर यात्रा गर्न लागेका धेरै व्यक्ति ट्रम्पको आदेशद्वारा अचानक अलमलमा परेको बताएका थिए । शरणार्थी पुनःस्थापना अन्ततः अमेरिकी नागरिकताका लागि केही कानूनी मार्गहरू मध्ये एक थियो र पूर्व राष्ट्रपति जो बिडेनद्वारा अङ्गीकार गरिएको थियो । बाइडेनले जलवायु परिवर्तनबाट प्रभावित व्यक्तिहरूलाई समावेश गर्न कार्यक्रमका लागि योग्यता विस्तार गर्नुभएको थियो ।

ट्रम्पको ह्वाइट हाउस अभियानमा आप्रवासीहरूका बारेमा कटुता देखिएको थियो । उनले निर्वासनको कडा कार्यक्रमलाई पनि अगाडि बढाउनुभएको छ र अत्यधिक प्रचारित सैन्य उडानहरूले मानिसहरूलाई ल्याटिन अमेरिकाका देशहरूमा हातकडी लगाएर लगेका छन् ।एएफपी

# ‘सरकारको औचित्य, योग्यता र जनउत्तरदायित्व सुशासनमा देखिनुपर्छ’ : नेता केसी



**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले सरकारको औचित्य, योग्यता र जनउत्तरदायित्व सुशासनमा देखिनुपर्ने आवश्यकता औँल्याएका छन प्रतिनिधिसभाका सदस्य नेता केसीले अव्यवस्था, पक्षपात, विधिविहीनता र भ्रष्टाचारले आम जनमानसमा निराशा, अविश्वास र असन्तुष्टिको अवस्था सृजना गरेको टिप्पणी गर्नुभएको छ । नेता केसीसँग राससका समाचारदाता राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको अन्तर्वार्ताको सम्पादित अङ्श ।

**प्रतिनिधिसभामा तपाईंको हालसम्मको अनुभव कस्तो रह्यो ?**
–म हालसम्म पटक–पटक जननिर्वाचित सांसदका रुपमा जनप्रतिनिधि भएँ । संविधानसभा सदस्य पनि निर्वाचित भएँ । चारपटक विभिन्न मन्त्रालय सम्हालेँ । जनताका असीमित आवश्यकता र सरकारको सीमित साधन–स्रोतका बीच न्यायोचित वितरण नै कुशल र व्यावहारिक नेतृत्वको योग्यता हो भन्ने म ठान्दछु । तर, त्यस्तो व्यवहारमुखी मान्यता कार्यान्वनयमा रुपान्तरण हुन सकेन । यस आधारमा भन्नुपर्दा विभिन्न पटकका मेरा संसदीय अनुभवहरूमा विविधता छ । सबै सांसदहरूका कार्यसम्पादन र भूमिका आ–आफ्नै छन् । भ्रष्टाचार, दण्डहीनता र आर्थिक अराजकतालाई नियन्त्रण गरेर सुशासन, लोकतन्त्र, दिगो विकास र जनता लाभान्वित हुने व्यवस्थाको सुनिश्चितताका लागि मैले निरन्तर रुपबाट आफ्नो भूमिका र प्राथमिकतालाई लगाएको छु । मुलुकका समस्या समाधान गर्ने विषयमा मेरो ज्ञानले भ्याएसम्म र सहमति र सहकार्यका आधारमा चल्नुपर्छ, तर सहमति भनेको कसैले कसैसँग पनि गर्ने आत्मसमर्पण होइन । यो त सहअस्तित्व, र सहसम्मानका साथको कार्यपद्धति हो । विधिविहीनता, भ्रष्टाचार, दण्डहीनता र कुशासनप्रति उदासीनता वरण गर्ने कुरामा मैले कसैसँग कम्प्रोमाइज गरिनँ र सहकार्य पनि गर्न सक्दिनँ । यस आधारमा आफ्नो भूमिका र दृढ मान्यतामा म सन्तुष्ट छु ।

**संविधान कार्यान्वयनको अवस्थालाइ कसरी हेर्नु भएको छ ?**
–नेपालको संवैधानिक इतिहासमा आजसम्म सातवटा संविधान जारी भए । तिनका उत्पत्ति र समाप्तिले हामीलाई धेरै अनुभव र मार्गदर्शन दिएका छन् । जननिर्वाचित संविधानसभाले बनाएको यो संविधानको भावनामा पूर्ववर्ती संविधानका विशेषता, अनुभव र कमी–कमजोरीको निचोड अन्तरनिहित छ । जस्तो समावेशिता र सामाजिक न्याय यो संविधानको सबभन्दा महत्वपूर्ण विशेषता हो, जो वञ्चितीकरणको लामो र तीतो अनुभवले आवश्यकताका रुपमा ल्याएको हो । निरङ्कुशताका सबै सम्भावनालाई यो संविधानले रोकेको छ । तर हाम्रै अव्यवस्था, पक्षपात, विधिविहीनता र भ्रष्टाचारले आम जनमानसमा निराशा, अविश्वास र असन्तुष्टिको अवस्था सृजना भएको छ । यो नै आजको प्रमुख राष्ट्रिय चुनौती हो । सत्ताबाट बारम्बार देखाइने कमी–कमजोरी, उदासीनता र हेलचेक्र्याइँले गर्दा यसको कार्यान्वयनमा समस्या उत्पन्न भएको छ । मुख्य रुपमा संविधानको लोकतान्त्रिक र जनउत्तरदायी ध्येयमा कुनै खोट छैन । व्यवस्थामा होइन, व्यवस्थापकमा देखिएको मनपरितन्त्र र स्वेच्छाचारिता आजको समस्या हो ।

**संविधान संशोधनको विषयलाई कसरी हेर्नुभएको छ ?**
–सरकार संविधानको अनिवार्य पालनकर्ता र जनतालाई परिपालन गराउने शक्ति हो । सत्ताले संविधानको अक्षर र भावनाअनुरुप यसको पालना गर्नु अनिवार्य हुन्छ । २०७२ मा वर्तमान संविधान जारी भएपछिका दिनमा आ–आफ्नै पक्ष, पहिचान र पृष्ठभूमि बोकेर आएका विभिन्न किसिमका सरकारहरू गठन भए । संविधान मुलुकको मूल कानुन, जीवन्त, गतिशील र सर्वोच्च दस्तावेज भएकाले यसको कार्यान्वयनमा राष्ट्रको आवश्यकताअनुरुप

सहमतिका आधारमा समयसापेक्ष संशोधन र परिमार्जन गर्दै अग्रगति दिइरहनुपर्ने राजनीतिक कौशल नेतृत्वमा हुनुपर्छ । हाम्रो संविधानमा पनि संशोधन, परिमार्जन, अझ बढी स्पष्टता र मेलमिलाप तथा राष्ट्रिय सहमतिको खाँचो हामी सबैले अनुभव गरिरहेका छौँ । त्यसैले नेपाली कांग्रेस, एमाले र अन्य राजनीतिक दलका बीच वर्तमान सरकारको गठन गर्दा भएको सातबुँदे सहमतिमा संविधानमा आवश्यक संशोधन गर्नुपर्ने प्रतिबद्धता समेटिएको छ । तर यो प्रतिबद्धताको बाबजुद १० महिना बितिसक्दा पनि यतातिर कुनै तर्खर नगर्नु दुःखद आश्चर्य भएको छ । कांग्रेस–एमाले गठबन्धन सरकारको औचित्यका रुपमा प्रस्तुत यस बुँदामा देखिएको मौनता र अकर्मण्यताले सत्ता गठबन्धनको प्रतिबद्धतामा प्रश्न उठेको छ ।

**सुशानका लागि सरकारलाई तपाईंको सुझाव के छ ?**
–सरकारको औचित्य, योग्यता र जनउत्तरदायित्व कार्यरुपमा सुशासनमा देखिनुपर्छ । लोकतन्त्र र सुशासनसँग भ्रष्टाचार एकसाथ चल्न सक्दैनन् । यो भाषणको मसला होइन जिम्मेवारी र कर्तव्यको प्राथमिकता हो । भ्रष्टाचार, दण्डहीनता, अराजकताको अन्त्य, अधिकतम जनहित र विधिको शासन, स्वतन्त्र र जिम्मेवारीप्रति जागरुक न्यायपालिकाको अस्तित्व नै सुशासनको पहिलो विशेषता हो । यति गर्न सक्ने सरकार भएमा त्यसले लोकतन्त्रको नवयुग ल्याउन सक्छ । यसमा सरकारले कसैसँग मोलाहिजा वा सौदाबाजी र सत्तामा आफ्नो आयु लम्ब्याउने चेष्टा गर्नु हुँदैन । सुशासनको मूल आदर्श नै विधिको शासन, दण्डहीनताको अन्त्य र भ्रष्टाचार मुक्त समाजको स्थापना हो । यतातिर राज्यशक्ति सम्पूर्ण रुपमा केन्द्रित हुनु आवश्यकता छ । सुशासनको सुगारटाई भाषण निरर्थक हुन्छ ।

**सङ्घीयता अझै सुदृढ बनाउन के गर्नु पर्ला ?**
–सुरुमै के प्रस्ट होऔँ भने देशमा विद्यमान समस्या र चुनौतीका लागि सङ्घीय राज्यसंरचना आफैँ समाधान होइन, एकात्मक राज्य संरचनाको विकल्प हो । सङ्घीयता लागू गर्ने चरणमा हामीकहाँ यसबारे बहस नै गलत तरिकाले गरियो । सङ्घीयता नै देशको समाधान हो भन्ने भाष्य रचना गरियो । यही भाष्यको परिणामस्वरुप आज जनतामा छाएको निराशाले गर्दा सङ्घीयता विवादको विषय बन्नपुगेको छ । अर्कातिर आज देखिएको जनप्रतिनिधिको भारी देशले थेग्न सक्दैन । करिब ३६ हजारभन्दा बढी प्रतिनिधित्वको औचित्य र भार देशलाई आवश्यक हो कि होइन ? तसर्थ स्थानीय, प्रदेश र केन्द्रीय प्रतिनिधित्वको सङ्ख्यामा ५० प्रतिशत घटाउनुपर्छ भन्ने मेरो धारणा छ ।

हरेक प्रदेश आर्थिक, प्रशासनिक, जनतालाई दिने सेवासुविधामा आत्मनिर्भर भएमा मात्र सङ्घीयता सुदृढ हुन्छ । हरेक कुरामा केन्द्रको मुख ताक्ने, केन्द्र सरकार गठन र विघटन हुनेबित्तिकै प्रदेश सरकारहरू पनि बन्ने वा भत्किने अवस्थाले सङ्घीयता सबल र सक्षम हुँदैन । भ्रष्टाचार, दण्डहीनता, अराजकता, अपारदर्शिता, भागबन्डा जस्ता विसङ्गति र विकृतिले सङ्घीय व्यवस्थालाई पनि घातक असर पु¥याएको छ । सरकारले हालै गठन गरेको शासकीय सुधार आयोगले सङ्घीयताको सफलता र प्रदेशहरूको औचित्य र जनउपयोगितालाई सार्थक र सफल बनाउने दिशामा ठोस उपाय दिन सक्नुपर्छ ।

**युवा पलायन रोक्न सरकारलाई तपाईंको सुझाव के छ ?**
– युवापुस्ताका चाहना र आवश्यकतालाई सरकारले कार्यमूलक सम्बोधन गर्न सक्नुपर्छ । हरेक दिन तीनदेखि पाँच हजार युवाहरू विदेसिन विवश छन् र हरेक दिन तीनदेखि पाँचवटा लास बाकसमा देश भित्रिरहेका छन् । यसको निराकरण नै राष्ट्रको पहिलो कर्तव्य हो । सरकारले के बुझ्नुपर्छ भने विदेशले ‘आइज’ भनेर जबरजस्ती तानेर हाम्रा युवाहरूलाई लगेको होइन । देशले ‘जा’ भनेर धकेल्ने बाध्यात्मक वातावरण बनाएको कारण उनीहरू तपाईंकै शब्दमा ‘पलायन’ भएका हुन् । उनीहरूलाई ‘योग्यता अनुसारको काम र काम अनुसारको दाम’ पाउने, न्यायोचित रोजगारी र वृत्तिविकास (क्यारियर) को वातावरण बनाउनुपर्छ । लगानी, उत्पादन र निर्यातमा वृद्धि सँगसँगै रोजगारीमा स्वतः वृद्धि हुन्छ । हाम्रो युवापुस्ताले सूचना प्रविधि, अनलाइन सेवा, अन्य सेवा क्षेत्र, खेलकुद आदिमा देशले गर्व गर्ने खालको योगदान पु¥याएका छन्, अझ बढी योगदान पु¥याउने सामथ्र्य राखेका छन् । यसको प्रोत्साहन र कदर हुनुपर्छ ।

**मुलुकको विकासका लागि राजनीतिक दलहरूलाई तपाईंको सुझाव के छ ?**
– सर्वप्रथम पार्टी सुधारका कार्यसूचीप्रति गम्भीर हुनु नै प्रत्येक पार्टीको दायित्व हो । हाम्रा सम्पूर्ण दलहरूमा आन्तरिक प्रजातन्त्र प्रवद्र्धन, नेतामुखी होइन नीतिमुखी पद्धतिको निर्माण, व्यक्ति होइन संस्थामुखी र विधिबाट सञ्चालित प्रक्रियाअनुसार पार्टी सुधार आजको अनिवार्य आवश्यकता हो । पार्टी नै प्रथम पाठशाला हो जसबाट सुशासनमा प्रशिक्षित व्यक्तित्व नै राष्ट्रको सुशासनको संवाहक बन्नसक्छ । तसर्थ, हरेक दलको संरचना, अस्तित्व र विशेषता आ–आफ्नै प्रकारको छ । मैले दिने सुझाव यतिमात्र छ–भ्रष्टाचार, दण्डहीनता र कुशासनलाई प्रश्रय दिने काम नगरौँ । राष्ट्रिय एकताको भावनामा वैमनस्यता र फाटो ल्याउने निषेधको राजनीतिलाई स्थान नदिऔँ । लोकतन्त्र, नागरिक स्वतन्त्रता तथा अधिकार, विधिको शासन र कानुनी राजको बाटो अवरुद्ध हुने र हिंसात्मक काम कतै कसैबाट कदापि नहोस् । हाम्रो समर्थनले सरकार राष्ट्रिय हितमा सफल होस् । हाम्रो विरोधले सरकार ठीक बाटोमा चल्न बाध्य होस् भन्ने प्रतिपक्षी मानसिकता नै लोकतन्त्र सशक्तीकरणको अजय स्रोत हो ।

**तपाईंको अबको योजना के छ ?**
– मुलुकलाई सुशासनपूर्ण सार्थक र जनउत्तरदायी लोकतन्त्र, संविधानको सफल कार्यान्वयन, जनताको न्यायपूर्ण भावना र चाहनाको प्रतिनिधित्वका लागि सक्दो प्रयत्नमा छु । यसैलाई निरन्तरता दिइरने मेरो प्रयत्न रहने छ ।

# ‘नीति तथा कार्यक्रममाथि सत्ता पक्षको समर्थन, विपक्षीको आलोचना’

**काठमाडौँ ।**
आगामी आर्थिक वर्ष २०८२÷८३ का लागि प्रस्तुत सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा सत्ता पक्ष र विपक्षी सांसदहरुले नीति कार्यक्रमको समर्थन र आलोचना गरेका छन ।

राष्ट्रियसभाको मंगलवारको बैठकमा सत्ता पक्षका सांसदहरुले नीति तथा कार्यक्रमले दिगो आर्थिक विकासको लक्ष्य लिएको, जनतामा आशा जगाएको तथा विकासको ढाँचा बदल्ने सङ्कल्प लिएको बताए ।

विपक्षी सांसदहरुले नीति तथा कार्यक्रमले जनअपेक्षा पूरा गर्न नसक्ने र शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन नसक्ने टिप्पणी गरे ।

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद इन्दिरादेवी गौतमले संविधान जारी भएपछिको पहिलो सरकारले सुरु गरेका आर्थिक विकास र समृद्धिका लागि रुपान्तरणकारी योजनालाई नीति तथा कार्यक्रममा निरन्तरता दिइएको बताए । ‘त्यसयता थालनी गरिएका राम्रा कार्यक्रम तथा नीतिलाई अघि बढाउने प्रतिबद्धता यसमा प्रस्ट देखिन्छ’, उनले भने ।

एमाले सांसद सुमित्रा बिसीले मुलुकको आर्थिक स्थितिअनुसार कार्यान्वयन गर्न सकिने कार्यक्रम मात्रै नीति तथा कार्यक्रममा समेटिएको बताए । विगतका नीति तथा कार्यक्रममा आएका विषय कार्यान्वयन नहुँदा जनतामा नैराश्यता पैदा भएको अवस्था अन्त्य गर्न अहिले प्राथमिकता तोकेर कार्यान्वयन गर्न सकिने विषय मात्रै नीति तथा कार्यक्रममा आएको उनको भनाइ छ ।

नेपाली कांग्रेसका सांसद कृष्णबहादुर रोकायाले प्रस्तुत नीति तथा कार्यक्रम विगतभन्दा फरक ढङ्गले आएको उल्लेख गर्दै नीति तथा कार्यक्रमले शिथिल अर्थतन्त्र चलायमान बनाउने, विकास निर्माणको ठोस कार्यदिशा अघि सार्ने र नागरिकमा रहका निराशालाई चिरेर आशा जगाउने विश्वास व्यक्त गरे ।

कांग्रेसकै सांसद जीतजङ्ग बस्नेतले समावेशी र दिगो आर्थिक वृद्धि तथा उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धिलगायत थुप्रै योजना नीति तथा कार्यक्रममा समेटिएका बताए ।

कांग्रेस सांसद कमला पन्तले आर्थिक समाजिक रुपान्तरण, दीर्घकालीन राजनीतिक स्थिरता, सुशासन र न्यायपूर्ण समाज तथा नतिजामूलक आर्थिक विकासलाई प्राथमिकता दिएर नीति तथा कार्यक्रम आएको बताए ।




कांग्रेस सांसद युवराज शर्माले तीव्र आर्थिक विकास र सुशासन प्रवद्र्धनको भरोसा दिलाउँदै नीति तथा कार्यक्रम प्रस्तुत भएको बताए । कांग्रेस सांसद गुर्गा गुरुङले जनतामा पैदा भएको निराशा चिर्ने, राज्यप्रतिको भरोसा बढाउने, आर्थिक गतिशीलतालाई बढवा दिने, भ्रष्टाचार नियन्त्रण गर्दै दण्डहीनताको अन्त्य गर्ने उद्देश्यका साथ नीति तथा कार्यक्रम आएको बताए ।

प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद गङ्गाकुमारी बेल्बासेले नीति तथा कार्यक्रमले जनअपेक्षा सम्बोधन गर्न नसकेको, राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजना निर्धारित समयमै सम्पन्न गर्ने योजना नआउनु विडम्बना भएको बताए ।

माओवादी केन्द्रका सांसद सुरेश आले मगरले दुई तिहाइको सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रम दिशाहीन र गन्तव्यविहीन भएको टिप्पणी गरे । ‘नीति तथा कार्यक्रमले जनतालाई झन् निराशा बनाएको छ, जनउपेक्षा पूरा गर्ने आधार देखिँदैन’, उनले भने । माओवादी केन्द्रका सांसद तारामान स्वाँरले प्रस्तुत नीति तथा कार्यक्रमले देशको आवश्यकता, सबै नागरिक र सरोकारवालाको हितलाई प्रतिनिधित्व गर्न नसकेको बताए ।

माओवादी केन्द्रका सांसद भुवनबहादुर सुनारले नीति तथा कार्यक्रम कर्मकाण्डी रहेको र जनताको अपेक्षा सम्बोधन गर्न नसक्ने ठोकुवा गर्नुभयो । माओवादी केन्द्रका सांसद श्रीकृष्णप्रसाद अधिकारीले प्रस्तुत नीति तथा कार्यक्रमले महिला, दलित, मुस्लिम, थारू, सीमान्तकृत, उत्पीडित र विपन्न समुदायको माग र मुद्दाप्रति आँखा चिम्लेको टिप्पणी गरे । माओवादी केन्द्रकै सांसद विष्णुबहादुर विश्वकर्माले अघिल्लो सरकारले ल्याएको जनपक्षीय कार्यक्रम किन कटौती भयो ? भनी प्रश्न गरे ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद उदयबहादुर बोहराले नीति तथा कार्यक्रमले सुशासन प्रवद्र्धन, उच्च आर्थिक वृद्धि, जनअपेक्षा सम्बोधन नसक्ने बताए । ‘नीति तथा कार्यक्रमले मुलुकको शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने, विकास निर्माणको ठोस योजना अघि सार्ने तथा आमनागरिकलाई सुशासनको प्रत्याभूति दिन सक्दैन’, उनले भने ।

एकीकृत समाजवादीका सांसद गोमादेवी तिमिल्सिनाले नीति तथा कार्यक्रमले जनअपेक्षा सम्बोधन गर्न नसक्ने उल्लेख गर्दै सदनमा छलफलका क्रममा आएका सुझावलाई सकारात्मक रुपमा लिएर संशोधन गर्न आग्रह गरे । एकीकृत समाजवादीकै सांसद सावित्री मल्लले दिगो विकास तथा १६औँ पञ्चवर्षीय योजनाको लक्ष्य हासिल गर्ने विषय नीति तथा कार्यक्रममा नआएको बताए ।

एकीकृत समाजवादीका सांसद घनश्याम रिजालले झण्डै दुई तिहाइको शक्तिशाली सरकारबाट आर्थिक, सामाजिक र सुशासन क्षेत्रमा दिशानिर्देश गर्नेगरी ऐतिहासिक र नमूना कार्यक्रमको पर्खेर बसेको सांसद र अर्थतन्त्रमा आएको शिथिलताका कारण निराश आमजनतामा आशा जगाउन कुनै कार्यक्रम घोषणा नभएको बताए ।

जनता समाजवादी पार्टी नेपालका सांसद पूजा चौधरीले कृषि क्षेत्रको रुपान्तरण, सङ्घीयताको सुदृढीकरण, फजुल खर्च रोक्न विशेष योजना, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवद्र्धनसम्बन्धी विषय नीति कार्यक्रममा नआएको बताईन । जसपा नेपालकै सांसद मृगेन्द्रकुमार सिंह यादवले पछाडि परेको क्षेत्र र वर्गलाई प्राथमिकता दिएर आगामी आर्थिक वर्षको बजेट निर्माण गर्न सुझाव दिए ।

बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत नीति तथा कार्यक्रमाथिको छलफल नसकिएकाले आगामी बैठकमा समेत छलफल जारी रहने र प्रधानमन्त्री केपी शर्मा ओलीबाट जवाफ दिनेगरी निर्धारण गरिएको जानकारी गराए । राष्ट्रियसभाको अर्को बैठक यही वैशाख २८ गते दिउँसो १:१५ बजे बस्नेछ ।रासस

# बद्रीनारायण धामलाई सहयोग गर्ने उपप्रधानमन्त्री सिंहको प्रतिबद्धता

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहले नागार्जुन नगरपालिकाको रामकोटमा निर्माणाधीन बद्रीनारायण धामको पूर्वाधार विकासमा सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

बद्रीनारायण धामको मंगलवार अवलोकन गरेपछि उनले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन । ‘बद्रीनारायण धामको पूर्वाधार निर्माणका लागि सरकारले यसअघि पनि सहयोग गरेको थियो, यसलाई निरन्तरता दिन ध्यान दिनेछु,’ उपप्रधानमन्त्री सिंहले भने ।

समाजका हरेक व्यक्तिले बद्रीनारायण धामको विकास र विस्तारमा लाग्नुपर्ने उनको भनाइ थियो । धाम निर्माणको कामलाई पूर्णता दिन सबै आ–आफ्नो क्षेत्रबाट लाग्नसमेत उनले आग्रह गरे । समाजलाई पवित्र बनाउँदै असत्यको बाटोबाट समाजलाई सत्यको बाटोमा लैजान यस्ता धार्मिक कार्यक्रमले सहयोग पुग्ने उनको भनाइ थियो ।धाम निर्माण समितिका अध्यक्ष दीनबन्धु पोखरेलले धामलाई धार्मिक पर्यटनको गन्तव्यका रुपमा विकास गर्ने लक्ष्य रहेको जानकारी दिए । रासस

# कमलाको काठेपुल बगाएपछि आवागमनमा समस्या



**सिरहा ।**
हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीको काठेपुल बाढीले बगाएपछि आवागमनमा समस्या भएको छ । मंगलबार बिहान आएको बाढीले पुल बगाएको हो ।
बाँसबाट बनाइएको काठेपुलबाट दैनिक सैयौँ मोटरसाइकल तथा स्थानीय ओहोरदोहोर गर्ने गरेका थिए ।
करिब १३ वर्षदेखि यहाँ निर्माणाधीन पक्की पुल अझै अधूरो छ । यहाँ छ महिनाअघि सिरहा नगरपालिकाले करिब दुई लाख रुपैयाँ खर्चेर अस्थायी काठेपुल निर्माण गरेको थियो । नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादवले बाढीले पुल बगाएपछि आवागमनमा समस्या भएको बताए ।
'बाढीले काठको पुल बगाएपछि यहाँ आवागमन नै बन्द हुन पुगेको छ । पैदलयात्रीहरू भने पुल छेउमा रहेको भ¥याङबाट जोखिम मोल्दै आवतजावत गरिरहेका छन्,' वडाध्यक्ष यादवले भने, 'हाल पानीको बहाव बढी रहेको र कम भएपछि अब के गर्ने भन्ने विषयमा छलफल गर्छौं ।'
विसं २०६८ जेठ ३१ बाट तीन वर्षमा सक्ने गरी चार सय ६९ दशमलव दुई मिटर लामो पुल निर्माण शुरु भएको थियो । पटकपटक म्याद थप गरेर १० वर्षमा निर्माणको अन्तिम काम भइरहेका बेला विसं २०७८ असारमा आएको सामान्य बाढीले पुल भासिन पुग्यो । आगामी असार मसान्तसम्म सम्पन्न गर्ने गरी फेरि अन्तिम पटक म्याद थप गरिए पनि निर्माण कम्पनी 'लुम्बिनी बिल्डर्स' ले बीचमै काम छोडेको छ ।

## बाढीमा फसेकी वृद्धाको उद्धार

*मिर्चैया नगरपालिका–५ स्थित बतहा खोलामा आएको बाढीमा फसेकी वृद्धाको सकुशल उद्धार गरिएको छ । इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको टोली र स्थानीयको सहयोगमा बाढीमा फसेकी ६० वर्षीया रामदुलारी ठाकुरको उद्धार गरिएको वडाध्यक्ष प्रदीपकुमार साहले जानकारी दिए । 'खेतमा भएको बाली हेर्न जाने क्रममा खोलाको बीच भागमा पुगेर उहाँ फस्नुभएको रहेछ । खबर पाउनासाथ इलाका प्रहरी कार्यालयको टोली र स्थानीय मिलेर करिब दुई घण्टाको प्रयासपछि सकुशल उद्धार गरिएको हो,' उनले भने । अध्यक्ष साहका अनुसार यस स्थानमा पुल निर्माणाधीन अवस्थामा छ । पुल समयमै सम्पन्न नहुँदा वर्षामा स्थानीयलाई आउजाउ गर्न समस्या हुँदै आएको छ ।*

# सीताको जन्मदिनमा सार्वजनिक बिदा किन भएन ?



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले राष्ट्रिय विभूति माता सीता (जानकी) जयन्तीमा नमनाएर प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २१औँ शताब्दीमा लैंगिक विभेद गरेको बताएका छन् । प्रतिनिधि सभाको मंगलबारको बैठकमा साहले प्रधानमन्त्री ओलीले आफ्नो जन्मदिन धुमधामसँग मनाउने तर राष्ट्रिय विभूति सीताको जन्मदिन किन धुमधामसँग नमनाइएको भन्दै प्रश्न गरे ।
'आज माता सीता (जानकी)को जन्मदिन । जानकी जयन्तीको अवसरमा सबैमा शुभकामना व्यक्त गर्न चाहन्छु । सरकारसँग सोध्न चाहन्छु, जानकी जयन्तीबारे सरकारलाई थाहा छ कि छैन ?,' साहले भने, 'श्रीरामको जन्मदिन रामनवमी हामी मनाउँछौँ त्यो खुशीको कुरा हो, सरकारले बिदा पनि दिन्छ । तर जानकी जयन्तीलाई किन बेवास्ता गरेको, प्रश्न गर्न चाहन्छु । के अहिलेको २१औँ शताब्दीमा लैंगिक विभेद गर्न मिल्छ ?' जानकी जयन्तीमा बिदा नदिएर प्रधानमन्त्री ओली नेतृत्वको सरकारले लैंगिक विभेद गरेको आरोप पनि उनले लगाए । 'एउटा राष्ट्रिय विभूति सीता जो नेपालको गौरव हुन् । उनको सम्मान गर्न बेवास्ता गर्न मिल्छ ? प्रधानमन्त्रीजीलाई भन्न चाहन्छु, तपाईं आफ्नो जन्मदिन धुमधामकासाथ मनाउँनुहुन्छ । सीताको जन्मदिन कसरी बिर्सिनुभो ?,' साहले भने । विश्वका अन्य व्यक्तिको जन्मदिन धुमधामसँग मनाउने गरिएको बताउँदै उनले आफ्नै देशको राष्ट्रिय विभूतिलाई बिर्सिन नसकिने बताए । तर सरकारले सीता जयन्तीमा बिदा नदिने, जन्मजयन्ती नमनाउने गरेकामा उनले आपत्ति जनाए ।
यसअघि प्रधानमन्त्री ओली नेतृत्वको सरकारमा आफू मन्त्री हुँदा सीता जयन्ती मनाउन प्रस्ताव गरेकामा सरकारले नसुनेको गुनासो समेत उनले गरे । 'म कुनै बेला अहिलेको प्रधानमन्त्री ओलीकै क्याबिनेटमा थिएँ । र, मैले धेरै प्रयास गरेँ, बिदा नदिए पनि क्यालेन्डरमा ठाउँ दिनुस् । ताकि नेपाली जनतालाई थाहा होस् कि सीता जन्मेको मिटि कुन हो । कैयौँ व्यक्ति जन्मे तर उनका जन्म मिति हामीलाई थाहा छैन । तर सीताजीको जन्मदिन त सबैलाई थाहा छ । त्यसलाई इन्ट्रो गर्न पनि (ओली) मान्नु भएन,' साहले भने, 'म नेपाली कांग्रेसलाई भन्न चाहन्छु । अहिले त तपाईंहरु त्यहाँ हुनुहुन्छ क्याबिनेटमा, अलिकति त विचार गर्नुस् । राष्ट्रिय विभूतिको अपमान गर्ने छुट कसैलाई छैन ।'
सीता राष्ट्रिय विभूति भएको र देशदुनियाँले भगवानको रुपमा पूजासमेत गर्दै आएका छन् । साहले भने, 'यदि राष्ट्रिय विभूति हामीले स्वीकाछौँ, सीता नेपालको गौरव हो भन्ने मान्छौँ । हाम्रो संविधानले लैंगिक विभेदलाई अन्त्य गर्न भनेको छ । तर यो विभेद किन ? श्रीमानको जन्मदिन मनाउँने तर श्रीमतीको जन्मदिनलाई व्यवस्ता गर्ने यो हामीलाई स्वीकार्य छैन । म सरकारको गम्भीर ध्यानाकर्षण गराउँन चाहन्छु, आउने वर्षको क्यालेन्डरमा सीता जयन्ती होस् ।'

# क्लब स्तरिय टि–टवान्टी क्रिकेटमा खडक वारियर्स विजयी




**मनोज माझी**
**राजविराज ।**
क्रिकेट विकास प्रतिष्ठान सप्तरीद्वारा सञ्चालित जिल्ला क्लबस्तरीय क्रिकेट प्रतियोगिताको उपाधि खडक वारियर्सले हात पारेको छ । मंगलबार राजविराजस्थित पवि मावि खेलमैदानमा सम्पन्न फाइनलमा रूपनी राइडर्सलाई ९६ रनले पराजित गर्दै खडक वारियर्सले उपाधि जितेको हो ।
टस जितेर ब्याटिङ रोजेको खडक वारियर्सले निर्धारित १६ ओभरको खेलमा ५ विकेट गुमाएर १ सय ९४ रनको योगफल खडा गरेको थियो ।
जसमा ब्याटिङतर्फ अमित यादवले सर्वाधिक ९० रनको योगदान गरे । यस्तै, पप्पु यादव (बी) ले ५१, राहुल विक २२ र नितेश यादव(बी)ले १० रनको योगदान दिएका थिए । बलिङतर्फ रूपनी राइडर्सका गुणानन्द राय र अशोक मेहताले समान २–२ तथा रेवती रायले १ विकेट लिए । प्रत्युत्तरमा १ सय ९५ रनको विजय लक्ष्य लिएर मैदानमा ओर्लेको रूपनी राइडर्सले १५ दशमलव २ ओभरमा सबै विकेट गुमाएर ९८ रन मात्र जोड्न सक्यो । ब्याटिङतर्फ रूपनी राइडर्सका विकास दास २७, भोला साह २४ र ओम प्रकाशले ११ रनको योगदान दिए ।
बलिङतर्फ खडक वारियर्सका पप्पु यादव र जितु यादवले समान ३–३, मोहम्मद सकिम २ तथा नितिश यादव (बी) र राहुल विकले १–१ विकेट लिएका थिए । फाइनलमा प्लेयर अफ द म्याच अमित यादव घोषित भए । प्रतियोगितामा प्लेयर अफ द सिरिज पप्पु यादव (बी), बेस्ट ब्याटर अमित यादव, बेस्ट बलर गुनानन्द राय घोषित भए ।
प्रतियोगिता समाप्तिपछि प्रतिष्ठानका अध्यक्ष ई. इन्द्र नारायण देवको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि मधेश प्रदेश सांसद तथा पूर्व शिक्षामन्त्री महेश प्रसाद यादव, नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य आयुष श्रेष्ठ, वडाध्यक्ष रामएकवाल यादव, सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादवलगायतले विजेता, उपबिजेता टिमलाई शिल्ड, कप, मेडल, प्रमाणपत्र प्रदान गरेका थिए । समापन समारोह सञ्चालन प्रतिष्ठानका सचिव भोगेन्द्र चौधरीले गरेका थिए । प्रतियोगितामा विजेता खडक वारियर्सले २१ हजार रुपैयाँ र उपविजेता रूपनीले ११ हजार नगद पुरस्कार प्राप्त गरेका छन् ।

# 'जय नेपाल कप' टी–२० क्रिकेट प्रतियोगिता शुरु




**मुकेश कुमार साह**
**चपुर ।**
नेपाली कांग्रेस विद्यार्थी विभाग रौतहटको आयोजनामा 'जय नेपाल कप' अन्तरकलेज टी–२० क्रिकेट प्रतियोगिता चन्द्रपुर–८, बेतौनास्थित कोटिहोम क्रिकेट मैदानमा शुरु भएको छ । प्रतियोगिता उद्घाटन मधेश प्रदेश सरकारका अर्थमन्त्री सुनिल कुमार यादवले गरे ।
विद्यार्थी विभाग प्रमुख श्यामहरि चौलागाईंको अध्यक्षतामा सम्पन्न उद्घाटनमा मन्त्री यादवले खेलकुद युवाको ऊर्जा व्यवस्थापन र नेतृत्व विकासको महत्वपूर्ण आधार भएको बताउँदै भने, 'पढाइसँगै खेलकुदमा सक्रिय हुने विद्यार्थीले भविष्यमा देशलाई नेतृत्व दिन सक्छन् । यसखाले प्रतियोगिताले खेलप्रतिको रुचि बढाउनुका साथै विद्यार्थीको आत्मविश्वास अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ ।'
कार्यक्रममा पूर्व प्रदेशसभा सदस्य धनलाल ठोकर, कांग्रेस जिल्ला सचिव मिथिलेश कुमार मिश्र, मधेश प्रदेश प्रवक्ता सूर्यबहादुर थापा, सञ्चार विभाग प्रमुख नितेश कुमार गुप्ता, चन्द्रपुर नगरप्रमुख सञ्जय कुमार काफ्ले, माधवनारायण नगरप्रमुख बैजु यादव, विभिन्न वडाध्यक्ष र कांग्रेसका नेता–कार्यकर्ताको उपस्थिति थियो ।
प्रतियोगिताको उद्घाटन खेल लक्ष्मी श्री बहुमुखी क्याम्पस समनपुर र सिधुरेघारी बहुमुखी क्याम्पस चन्द्रपुरबीच भएको थियो । टस जितेर पहिले ब्याटिङ गरेको लक्ष्मी श्री क्याम्पसले २० ओभरमा सबै विकेट गुमाउँदै ९३ रन बनायो । टोलीका कप्तान सञ्जय साहले ३१ रनको योगदान दिए ।
जवाफमा सिधुरेघारी क्याम्पसले १९.१ ओभरमा ५ विकेटको क्षतिमा लक्ष्य पूरा गर्दै सहज जित दर्ता ग¥यो । टोलीका लागि आदित्य खड्काले २४ रन बनाए भने कप्तान राजेस यादव 'म्यान अफ द म्याच' घोषित भए । आयोजकका अनुसार प्रतियोगिताले जिल्लाभरका विद्यार्थीबीच खेलकुदको माध्यमबाट आपसी मित्रता, अनुशासन र नेतृत्व विकासमा योगदान पु¯याउने विश्वास गरिएको छ ।

# सुधार केन्द्रमा पुस्तक र पंखा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको बाल सुधार केन्द्रमा पुस्तक प्रदान गरिएको छ । कारागार र बाल सुधार केन्द्रमा रहेकालाई अध्ययनमा अभिप्रेरित गर्ने अभिप्रायले पुस्तक प्रदान गरिएको पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए । बाल सुधार गृहमा व्यापक गुनासो आएपछि र कमजोर व्यवस्थापनका कारण पटकपटक त्याहाँ रहेका बालक फरार हुने प्रयास गरेपछि भएको सहमतिबमोजिम पुस्तक र पंखा प्रदान गरिएको हो ।
बाल सुधार गृहभित्र रहेकाले भोगिरहेको समस्या मध्यनजर गर्दै उनीहरूको पठन संस्कृति विकासमा जोड दिइएको प्रमुख जिल्ला अधिकारी अर्यालले बताए ।
कारागारमा रहेका १ सय ६ कैदीबन्दीलाई ५ सय थान पुस्तक वितरण गरिएको हो । प्याब्सन र एन–प्याब्सनको संयुक्त सहयोगमा प्राप्त पुस्तकले उनीहरूको पढ्ने बानीको विकासमा सहयोग पुग्ने विश्वास लिइएको छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अर्यालले परिस्थितिले कानूनको दायरामा आएकाको दृष्टिकोण परिवर्तन गर्न र उनीहरूलाई सकारात्मक मार्गमा डो¥याउन पठन संस्कृति महत्वपूर्ण हुने बताए ।
यसैबीच, गर्मी मौसमलाई ध्यानमा राख्दै लायन्स क्लबले कारागारलाई १८ वटा पंखा उपलब्ध गराएको छ ।

# पूर्वमन्त्री नेपालको निधन

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी एमालेका नेता एवम् पूर्वमन्त्री प्रदीप नेपालको निधन भएको छ । केही वर्षदेखि पार्किन्सन रोगबाट पीडित उनको मंगलबार उपचारक्रममा काठमाडौँस्थित नर्भिक अस्पतालमा निधन भएको एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिए ।
तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी नेतृत्वमा गठित पहिलो वामपन्थी सरकारमा उनी सूचना तथा सञ्चारमन्त्री थिए । उनी जलस्रोत र शिक्षा मन्त्री पनि भए ।
एमालेको पोलिटब्युरो सदस्य रहिसकेका उनले पत्रकारिता एवम् साहित्य विधामा निरन्तर कलम चलाउदै आएका थिए । एमालेको प्रचार तथा प्रकाशन विभाग प्रमुख तथा प्रवक्ताका रूपमा समेत काम गरेका उनी २०५६ सालमा काठमाडौं क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए भने राष्ट्रियसभा सदस्य पनि भइसकेका थिए ।
नवयुग, दृष्टि, छलफल, प्रकाश साप्ताहिकमा सम्पादक भएका नेपाल विभिन्न पत्रपत्रिकामा लेख, रचना र नियमित स्तम्भकारका रूपमा पनि सक्रिय थिए । भूमिगत कालमा उनी सञ्जय थापाका नाममा परिचित थिए । नेपालको जन्म विसं २०१० पुस २८ गते भोजपुरको गोगने गाउँमा भएको थियो । नेपालको मंगलबार नै पशुपति आर्यघाटस्थित विद्युतीय शवदाह गृहमा अन्त्यष्टि भएको छ ।
यसैबीच, प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल कम्युनिष्ट पार्टी एमालेका नेता एवम् पूर्वमन्त्री प्रदीप नेपालको निधनप्रति दुःख व्यक्त गरेका छन् । सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री ओलीले प्रदीप नेपालप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गरेका छन् ।
यस्तै, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले वरिष्ठ वामपन्थी नेता एवम् प्रसिद्ध प्रगतिवादी लेखक तथा साहित्यकार प्रदीप नेपालको असामयिक निधनको खबरले मर्माहत तुल्याएको भन्दै दुःख व्यक्त गरेकी छिन् ।
यस्तै, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेता प्रदीप नेपालको निधनले नेपाली वामपन्थी आन्दोलनका प्रखर नेता तथा बौद्धिक व्यक्तित्व गुमाएको उल्लेख गरेका छन् ।
यस्तै, सभामुख देवराज घिमिरेले वामपन्थी नेता, पूर्वमन्त्री एवम् साहित्यकार प्रदीप नेपालको निधनले मुलुकले एक दूरदर्शी राजनीतिज्ञ एवम् प्रखर चिन्तकको अपूरणीय क्षति बेहोर्नुपरेको उल्लेख गरेका छन् ।



नेपालका लागि आधिकारिक बिक्रेता :
देवकी ट्रेडर्स
मो. 9855021614

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन